Co-funded by the European Union

SUOMI FINLAND

LOCAL ADAPTATION TO CLIMATE CHANGE
LACC PROJECT

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना

स्थानीय तह परियोजना कार्यान्वयन एकाई

कर्मचारी छनौट तथा परिचालन कार्यविधि

असोज २०८२

(अनुसूची-३ परियोजना कार्यान्वयन निर्देशिका, २०८२)

Cowater International

परियोजनाको नामः जलवायु परिवर्तन स्थानीय अनुकूलन (LACC) परियोजना
परियोजनाको अवधिः डिसेम्बर २०२४ देखि नोभेम्बर २०२९
दस्तवेजको प्रकारः स्थानीय सरकार परियोजना कार्यान्वयन एकाइ कर्मचारी छनौट तथा परिचालन कार्यविधि
सुपरीवेक्षण समितिबाट निर्णय भएको मिति : १० असोज २०८२ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार

तयार गर्नेः जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग एकाइ वीरेन्द्रनगर, सुर्खेत

वितरणः सार्वजनिक

यो प्रकाशन युरोपेली संघको सह-लगानीमा प्रकाशन गरिएको हो। यस सामग्री जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको एकल जिम्मेवारी हो र यसले युरोपेली संघको विचारलाई प्रतिबिम्बित गर्दैन।

विषय सुची

१ पृष्ठभूमि १
२ परियोजना कार्यान्वयनमा स्थानीय तहको भूमिका २
३ स्थानीय तह परियोजना कार्यान्वयन एकाइ मानव संसाधन पदपूर्तिको चरणहरु ५
४ छोटो अवधिका सेवा प्रदायकहरूको छनौट प्रक्रिया ७
५ स्थानीय तह परियोजना कार्यान्वयन गर्ने एकाई जनशक्ति परिचालन ११
५.१ वार्षिक कार्यक्रम तथा कार्य योजना तर्जुमाः ११
५.२ प्रतिवेदन १२
५.३ फिल्ड अनुगमन १२
५.४ वार्षिक कार्यसम्पादन मूल्याङ्कन १३
अनसूचि १: विभिन्न पदहरूको जिम्मेवारी र कार्यक्षेत्र १४
अनुसुची २: स्थानीय तह परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूका अन्य सेवा सर्त तथा नियमहरू ३०
अनुसुची ३: जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको आचार संहिता ३२
अनुसूची ४: दरखास्त आह्वान गरिएको सूचना नमुना ३५
अनुसूची ५: दरखास्तको ढाँचा ३८
अनुसूची ६: वैयक्तिक विवरण मूल्याङ्कनका आधारहरू ४१
अनुसूची ७: मूल्याङ्कन तालिका ढाँचाहरू ४७
अनुसूची ८: स्थानीय तह परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरू नियुक्ति पत्रको ढाँचा ४८

१ पृष्ठभूमि

परियोजना सम्बन्धी निर्णय र कार्यान्वयनको लागि समन्वय गर्न जिम्मेवार तथा सक्षम निकायहरूमा नेपाल सरकारको तर्फबाट अर्थ मन्त्रालय र फिनल्याण्ड सरकारको तर्फबाट फिनल्याण्डको वैदेशिक मामिला मन्त्रालय (नेपालमा फिनल्याण्ड राजदूतावासद्वारा प्रतिनिधित्व गरिएको) पर्दछन्। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले परियोजना लागू हुने स्थानीय तहहरूसंग समन्वय गर्दै कार्यान्वयनकारी मन्त्रालयको भूमिका निर्वाह गर्दछ। यस मन्त्रालयले स्थानीय तहहरूलाई नीतिगत तथा व्यवस्थापकीय सहायताको नेतृत्व प्रदान गर्ने र परियोजना गतिविधिहरूको प्रभावकारी समन्वय सुनिश्चित गर्ने जिम्मेवारी लिएको छ। परियोजना कार्यान्वयन गर्न मन्त्रालय र परियोजना लागू भएका स्थानीय तहहरू बीच सम्पन्न समझदारी पत्र मार्फत स्थानीय तहलाई जिम्मेवारी प्रत्यायोजन गरिएको छ। उक्त समझदारी पत्र अनुसार, स्थानीय तहहरूले परियोजनाका लक्ष्यहरू प्राप्त गर्न वित्तीय र मानव स्रोतहरूको व्यवस्थापन तथा परिचालन गर्ने कार्य गर्दछन्।

परियोजना सम्वन्धी निर्णय गर्ने सबैभन्दा उच्च निकाय परियोजना सुपरिवेक्षण समिति हो। स्थानीय तहमा परियोजना व्यवस्थापन समितिले सबै परियोजना गतिविधिहरूको योजना तर्जुमा, प्रशासन, र व्यवस्थापनको जिम्मेवारी निर्वाह गर्दछ। स्थानीय तहको कार्यपालिकाको कार्यालयले परियोजनाका सबै योजना तथा क्रियाकलापहरूको प्राविधिक अनुगमन, निरीक्षण र समुदायलाई गुणस्तरीय निर्माण, मर्मत सभार र दिगो सन्चालन व्यवस्थापनका लागि प्राविधिक र अन्य आवश्यक सहयोग प्रदान गर्दछ।

उपभोक्ता समितिहरूले खानेपानी, सरसफाइ, सिँचाइ, जीविकोपार्जन, वन तथा प्राकृतिक स्रोत संरक्षण आदि पूर्वाधारका योजना तर्जुमा पहल र अन्य परियोजना सम्बन्धित गतिविधिहरूको कार्यान्वयन गर्ने, आर्थिक प्रशासनीक तथा व्यवस्थापन सहितका जिम्मेवारीहरु निर्वाह गर्दछन्। स्थानीय तहका कार्यालयहरूमा उपलब्ध प्राविधिक दक्षता र जनशक्ति उपलब्धताको अवस्थालाई दृष्टिगत गर्दै, परियोजना कार्यान्वयनलाई सहज गर्न परियोजना व्यवस्थापन समिति मार्फत सहयोगी व्यक्तिहरुलाई कार्यसम्पादनमा आधारित करार सेवामा नियुक्त गरी स्थानीय तहको परियोजना कार्यान्वयन गर्ने एकाईका कर्मचारीहरू (**यस पछि पालिका परियोजना एकाई कर्मचारी** भनिने)को रुपमा परिचालन गर्न आवश्यकता पर्दछ। पालिका परियोजना एकाइ कर्मचारीहरूको संख्या र सेवा क्षेत्रको प्रकार सम्बन्धित स्थानीय तहमा उपलब्ध जनशक्ति र सो आर्थिक बर्षका लागि तय गरिएका गतिविधिहरूको परिमाणमा निर्भर गर्दछ। परियोजना व्यवस्थापन समितिले हरेक वर्ष प्रस्तावित बार्षिक कार्यबोझ मूल्याङ्कन, तर्जुमा गरिएका योजनाहरू र विद्यमान स्थानीय तहका जनशक्ति परिचालनको सम्भावनाका आधारमा पालिका परियोजना एकाइ कर्मचारीहरुको आवश्यकता निर्धारण गर्दछ ।

यो कार्यविधि जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना दस्तावेज र परियोजना कार्यान्वयन म्यान्यूअलको सहयोगी दस्तावेजको रूपमा तयार गरिएको हो। यसले परियोजना कार्यान्वयनका लागि आवश्यक न्यूनतम जनशक्ति तथा सो को पदपूर्ति र परिचालन प्रक्रियाबारे परियोजना व्यवस्थापन समितिलाई मार्गदर्शन प्रदान गर्दछ।

२ परियोजना कार्यान्वयनमा स्थानीय तहको भूमिका

स्थानीय तहहरूले परियोजना व्यवस्थापन समितिको सहयोगमा परियोजनाका गतिविधि कार्यान्वयन गर्दछन्। योजना निर्माण सम्बन्धी गतिविधिहरू स्थानीय तहको सहयोगमा उपभोक्ता समितिहरू मार्फत कार्यान्वयन गरिन्छन्। परियोजनालाई सहभागीतामूलक र लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण मैत्री दृष्टिकोणमा आधारित भएर कार्यान्वयन गर्नका लागि पूर्ण रूपमा यस परियोजनासँग सम्बन्धित गतिविधिहरू कार्यान्वयन गर्न सक्ने विभिन्न विधाका पर्याप्त जनशक्ति फिल्डमा परिचालन गरिनु आवश्यक हुन्छ । परियोजनाको विषयगत कार्य क्षेत्रहरुमा खानेपानी तथा सरसफाइ, विपद्, जलवायु परिवर्तन अनुकूलन मैत्री कृषि तथा जीविकोपार्जन विस्तार र बजारीकरण, दिगो उत्पादन, उपयोग एवम् साना तथा मझौला उद्यम, जलाधार संरक्षण, सिँचाइ, जैविक विविधता, वातावरण संरक्षण तथा सामुदायिक वन व्यवस्थापन, सुधारिएको पानी घट्ट, सुधारिएको चुलो जस्ता नवीकरणीय ऊर्जा प्रर्वद्धन सम्मका विषयहरु समेटीएकोले प्रमुख क्षेत्रका लागि सो सम्बन्धित दक्ष मानव संसाधनहरु परिचालन गर्नु पर्ने हुन्छ। परियोजना क्षेत्रमा विषयगत गतिविधिहरू संचालन गर्नका लागि निम्न दक्षता र क्षेत्र सम्बन्धी मानव संसाधनहरू आवश्यक पर्दछ।

१. परियोजना र वित्तीय व्यवस्थापनः परियोजना व्यवस्थापन समिति, प्रमुख प्रशासकीय अधिकृत, स्थानीय तहका परियोजनाका क्षेत्र सम्बन्धित शाखाहरू र आर्थिक प्रशासन शाखा यसका लागि जिम्मेवार रहनेछन्। यसका लागि गाउँपालिका/नगरपालिकाका विद्यमान कर्मचारीहरूबाट पालिकाको नियमित कार्यको रूपमा आंशिक समय व्यवस्थापन गरी आवश्यक सेवाहरु प्रदान गर्नेछन् ।

२. परियोजना प्रतिवेदन, फिल्ड व्यवस्थापन र टोली परिचालनः

स्थानीय तहले परियोजनाका लागि मात्र काम गर्नका लागि उपलब्ध मौजुदा कर्मचारीहरुबाट वा परियोजना हेर्नका लागि छुट्टै जनशक्ति नियुक्ति गरेर एकजना अधिकृत स्तरको व्यक्ति (छैटौं तह) लाई "परियोजना अधिकृत" को रूपमा खटाउँछ । ती छनोट हुने वा उपलब्ध मौजुदा कर्मचारीहरुबाट तोकिने अधिकृतसँग सहभागीतामूलक योजना तर्जुमा, खानेपानी, सरसफाइ तथा स्वच्छता, जीविकोपार्जन र प्राकृतिक स्रोत व्यवस्थापनमा काम गरेको अनुभव हुनुपर्दछ ।

३. इन्जिनियरिङ सर्वे, डिजाइन लागत इष्टिमेट तयारी तथा मूल्याङ्कनः

खानेपानी, सरसफाइ, सिँचाइ र जलस्रोत संरक्षणसम्बन्धी योजनाहरुका साथै जीविकोपार्जन पूर्वाधार, सुधारिएको चुलो र सुधारिएको पानी घट्ट जस्ता पूर्वाधारका योजनाहरु कार्यान्वयन गर्नका लागि स्थानीय तहले विशेष रूपमा परियोजनाको कार्यहरुलाइ मात्र ध्यान दिने गरी एक जना योग्य सब-इन्जिनियरको व्यबस्था गर्नु पर्दछ। स्थानीय तहका नियमित गतिविधिहरूको कार्यभारलाई विचार गरी, परियोजनाको लागि अलग्गै सब-इन्जिनियरलाई नियुक्त गर्नु पर्दछ।

४. योजनाहरुमा निर्माण कार्यको प्राविधिक सुपरिवेक्षण तथा सहजीकरण :

फिल्डमा हुने निर्माण योजना तथा कार्यबोझको आधारमा पूर्णरुपमा परियोजनासँग सम्बन्धित कार्यहरूमा मात्र काम गर्नका लागि असिस्टेन्ट सबईन्जिनियर/जलस्रोत प्राविधिकहरूको व्यवस्थापन गर्नु पर्दछ। एकजना असिस्टेन्ट सब-ईन्जिनियर/जलस्रोत प्राविधिकले एकपटकमा पाँचवटासम्म निर्माण क्रियाकलापहरूको योजना सुपरिवेक्षण गर्नु पर्दछ ।

५. सामाजिक परिचालन र क्षमता विकास गतिविधिहरूः

परियोजना अन्तर्गत योजना तथा समुदाय स्तरमा धेरै सामाजिक परिचालन र क्षमता विकास सम्वन्धी क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने हुन्छ। सबै क्रियाकलापहरु सन्चालन गर्दा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको अवधारणाको एकीकरण र सम्बन्धित रणनीति तथा कार्ययोजनालाई सुनिश्चित गर्दै चरणबद्ध कार्यविधिहरुको अवलम्वन गर्नु पर्दछ। यी क्रियाकलापहरुको सन्चालन गरिने उद्देश्यका लागि फिल्ड संयोजक र सामाजिक परिचालक पदका कर्मचारीहरुको आवश्यकता पर्दछ।

६. प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी गतिविधिहरूः

स्थानीय तहको प्राथमिकतामा परेका जलाधार क्षेत्रमा कार्यान्वयन गरिने क्रियाकलापहरु अन्तर्गत स्रोत संरक्षण, वृक्षारोपण, भूक्षय तथा पहिरो नियन्त्रण, कृषि वन र अन्य प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धित कार्यहरू पर्दछन्। स्थानीय तहको परियोजना कार्यान्वयन गर्ने एकाई अन्तर्गत प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ताले परियोजनाको प्राविधिक सहायता टोली तर्फका प्राकृतिक स्रोत व्यवस्थापन विज्ञको प्राविधिक मार्गदर्शन र सहयोग लिएर चरणबद्ध कार्यविधि अनुसार उपभोक्ता, उपभोक्ता समिति र सामुदायिक वन उपभोक्ता समूहहरू आदिको तालिम तथा क्षमता विकाससँगै त्यस्ता कार्यक्रमहरूको योजना तर्जुमा र कार्यान्वयनमा समेत सहजीकरण गर्नेछन् ।

७. जीविकोपार्जन सम्बन्धी गतिविधिहरूः

परियोजनाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश भै प्राथमिकतामा परेका जलाधार क्षेत्र भित्र परियोजनाले कृषिजन्य र गैर-कृषिजन्य दुबै प्रकारका जीविकोपार्जनसम्बन्धी क्रियाकलापहरू कार्यान्वयन गर्नेछ । यी क्रियाकलापहरूमा घरबगैंचा व्यवस्थापन, व्यावसायिक तरकारी खेती, मुल्य श्रृङ्खला स्थापना, कृषिवन, वन पैदावरमा आधारित उद्यम विकास, तथा अन्य जिविकोपार्जन सम्वन्धी क्रियाकलापहरू पर्दछन् । त्यसका अतिरिक्त कृषक समूह, उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समितिहरु र जलाधार तथा स्थानीय तह स्तरका अन्य सरोकारवालाको क्षमता विकास गर्नु फिल्ड संयोजक वा प्राकृतिक श्रोत ब्यबस्थापन सहजकर्ता को मुख्य जिम्मेवारी हुनेछ । यस उद्देश्यका लागि कृषि, मुल्य श्रृङ्खला तथा साना उद्यम व्यवस्थापनमा अनुभव भएका जीविकोपार्जन क्रियाकलापमा अनुभवी व्यक्ति फिल्ड संयोजक वा प्राकृतिक श्रोत ब्यबस्थापन सहजकर्ता स्थानीय तहद्वारा नियुक्त गर्ने वा बिद्यमान नियमित कर्मचारी मध्येबाट तोकिनेछन् जसले परियोजनाका लागि पूर्णकालिन कर्मचारीको रुपमा सेवा प्रदान गरेर यी क्रियाकलापहरूको लागि सहजीकरण गर्ने जिम्मेवारी निर्वाह गर्नेछन् ।

तालिका १ स्थानीय तहमा आवश्यक मानव संसाधन तथा कर्मचारीहरु

क्र.सं.	भूमिका	आवश्यक मानव संसाधन
१	परियोजना तथा वित्तीय व्यवस्थापन	१.प्रमुख प्रशासनिक अधिकृत (आंशिक समय) २.पूर्वाधार विकास शाखा प्रमुख (आंशिक समय) ३.कृषि शाखा प्रमुख (आंशिक समय) ४.वातावरण शाखा (आंशिक समय) ५.लेखा अधिकृत/लेखापाल (आंशिक समय)

क्र.सं.	भूमिका	आवश्यक मानव संसाधन
२	परियोजना प्रतिवेदन, फिल्ड व्यवस्थापन तथा टोली परिचालन	परियोजना अधिकृत- जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाका लागि पूर्णकालिन (अधिकृत - छैटौं तह)
३	इन्जिनियरिङ सर्वे, डिजाइन लागत इष्टिमेट तथा मूल्याङ्कन	सब-इन्जिनियर - जलस्रोत सम्बन्धी योजनाहरूमा (खानेपानी तथा सरसफाइ, सिँचाइ तथा बायो इन्जिनियरिङ) अनुभव भएको (सहायक - पाँचौं तह) *(अन्य स्थानीय तहको समेत जिम्मेवारी वहन गर्ने गरी त्यस स्थानीय तहका लागि परियोजना प्राविधिक सहायता टोलीबाट तोकिएको प्राविधिक अधिकृतका अतिरिक्त थप जनशक्ति)*
४	योजनाहरुमा निर्माण कार्यको प्राविधिक सुपरिवेक्षण तथा सहजीकरण	असिस्टेन्ट सब-इन्जिनियर/जलस्रोत प्राविधिक - खानेपानी सरसफाइ तथा सिँचाइ क्षेत्रमा अनुभव भएको - आवश्यक संख्या वार्षिक कार्यक्रममा योजनाको संख्या, आकार, कार्यभार र भौगोलिकताका आधारमा निर्धारण गरिनेछ। (सहायक - चौथो तह)
५	क्षमता विकास तथा चरणबद्ध कार्यविधि र लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण दृष्टिकोणको कार्यान्वयन	फिल्ड संयोजक - खानेपानी तथा सरसफाइ, प्राकृतिक स्रोत व्यवस्थापन (वन वा कृषि), योजना तर्जुमा, समुदाय परिचालन, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण र तालिम सहजीकरणमा अनुभव भएको (अधिकतम १ जना प्रति गाउँपालिका/नगरपालिका, आवश्यकताको आधारमा) (सहायक - पाँचौं तह) सामुदायिक परिचालक - खानेपानी तथा सरसफाइ, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा र समुदाय परिचालनमा अनुभव भएको (अधिकतम २ जना प्रति गाउँपालिका/नगरपालिका) (सहायक - चौथो तह)
६	जीविकोपार्जन, प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी तालिम तथा योजनाको कार्यान्वयन	प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ता - कृषि/वन/कृषि-वन पृष्ठभूमि भएको (प्रवीण डिप्लोमा/१०+२ कृषि वा वन क्षेत्रमा अनुभव भएको) (सहायक - पाँचौं तह) (१ जना प्रति गाउँपालिका/नगरपालिका) वन वा कृषि क्षेत्रको जनशक्ति व्यवस्थापन फिल्ड संयोजकको कार्य विवरणसंग मिलान हुने गरी वार्षिक कार्यक्रमको कार्यभार अनुसार परियोजना व्यवस्थापन समितिले निर्धारण गर्नेछ।

सबै पदहरू परियोजना अवधि र विशेष गरी परियोजनाका गतिविधिहरु कार्यान्वयन गर्नका लागि वार्षिक कार्य सम्पादनमा आधारित करार सेवामा आधारित नियुक्तीहरु गरिनेछन् । परियोजना बहिर्गमन भएपछि ती कर्मचारीहरूलाई निरन्तरता दिन कुनै स्थानीय सरकारहरु जिम्मेवार हुने छैनन्।

माथि तालिका ५ मा उल्लेखित सबै पदहरूमा पदपूर्ति हुनैपर्छ भन्ने अनिवार्य छैन। पदपूर्तिको आवश्यक संख्या, स्थानीय तहमा नियमित कर्मचारीको रूपमा उपलब्ध भई परियोजनाले निर्दिष्ट गरेको न्यूनतम योग्यता तथा कार्यानुभव पूरा गरेका विद्यमान जनशक्तिमध्येबाट परियोजनाका लागि पूर्णकालीन रूपमा खटाउन सकिने अवस्था, साथै स्वीकृत वार्षिक

बजेट तथा कार्यक्रमअनुसारको कार्यभारको आधारमा यकिन गरी स्थानीय तहको परियोजना व्यवस्थापन समितिको निर्णयअनुसार हुनेछ।

३ स्थानीय तह परियोजना कार्यान्वयन एकाइ मानव संसाधन पदपूर्तिको चरणहरु

परियोजनाको तोकिएको उद्देश्य हासिल गर्न स्थानीय तहहरूले वार्षिक लक्ष्य तथा कार्यक्रम अनुसार परियोजनाका गतिविधिहरू कार्यान्वयन गर्नका लागि कर्मचारीहरू नियुक्त गर्न सक्छन्, जुन प्रक्रिया गर्दा परियोजनाको कार्यपद्धति, कार्यविधि र मापदण्डहरूको अनुपालन सुनिश्चित गर्नु पर्दछ। कर्मचारी पदपूर्तिमा लाग्ने समय र कुशल विधिको आवश्यकतालाई मध्ये नजर गर्दै, प्रत्येक स्थानीय तहको परियोजना व्यवस्थापन समितिको निर्णयको आधारमा परियोजना क्लस्टर भित्रका गाउँपालिका/नगरपालिका कार्यान्वयन एकाइ कर्मचारी पदपूर्ति प्रक्रिया संयुक्त रूपमा संचालन गर्न सक्ने छन्।

यस्तो संयुक्त प्रक्रियामा प्रत्येक स्थानीय तहले आफ्नो आवश्यकता बमोजिमको पदहरुको सूचना स्वयम् प्रकाशित गर्ने छन् र परियोजना क्लस्टर प्राविधिक सहयोग एकाइमा सिलबन्दी रुपमा आवेदनहरु सङ्कलन गरिने छन्। यस कार्यविधि अनुसार नै प्रत्येक स्थानीय तहको कर्मचारी पदपूर्ति समितिबाट छुट्टाछुट्टै छोटो सूची प्रकाशन तथा अन्तर्वार्ता लिने छन्। यद्यपि क्लस्टर भित्र फरक गाउँपालिका/नगरपालिकामा समान पदको लागि प्रतिष्पर्धा गर्न आवेदन दिइ छोटो सूचीमा परेका सबै उम्मेदवारहरूको संयुक्त रूपमा साझा लिखित परीक्षा लिइनेछ। त्यसपछि कर्मचारी पदपूर्ति समितिले अन्तिम छनौट गरिएका उम्मेदवारहरू र वैकल्पिक सूची सहित सम्बन्धित परियोजना व्यवस्थापन समितिलाई सिफारिस गर्नेछन्। तल उल्लिखित चरणहरू संयुक्त (क्लस्टर-स्तर) तथा एकल पदपूर्ति प्रक्रिया दुवैमा पालना गर्नु पर्दछ।

चरण १ मानव संसाधनको आवश्यकता मूल्याङ्कन : आर्थिक वर्षको वार्षिक कार्यक्रममा रहेको कार्य भार र बजेट क्षमताको आधारमा, स्थानीय तह भित्र परियोजना सम्बन्धित गतिविधिहरू कार्यान्वयन गर्न आवश्यक कर्मचारीहरुको संख्या परियोजना व्यवस्थापन समितिले निर्धारण गर्नेछ।

चरण २ परियोजना व्यवस्थापन समितिको निर्णय : परियोजना व्यवस्थापन समितिले स्थानीय तहका नियमित पूर्णकालिन कर्मचारी मध्येबाट परियोजनाका गतिविधिहरुको कार्यान्वयन जिम्मेवारी दिन सकिने सम्भावना छ कि भनि विश्लेषण गर्नु पर्दछ । यस विश्लेषणको आधारमा, परियोजना व्यवस्थापन समितिले आवश्यक जनशक्ति तथा कर्मचारीहरुको प्रकार र संख्या निर्धारण गर्नेछ। यसो गर्दा परियोजना व्यवस्थापन समितिले विद्यमान कर्मचारीहरुलाई परियोजनाको जिम्मेवारी तोक्न सकिने पद पहिचान गरी थप गर्नु पर्ने आवश्यक पालिका परियोजना एकाइ कर्मचारीहरुको पदपूर्ति गर्नु पर्दछ । थप गरिने यस्ता पालिका एकाइ कर्मचारीहरुको व्ययभार स्वीकृत वार्षिक कार्यक्रमको आधारमा प्राकृतिक स्रोत विकास कोषबाट स्थानीय तह तथा नेपाल सरकारको प्रचलीत नियमानुसार हुनेछ । महत्त्वपूर्ण कुरा के हो भने, परियोजनाको लागि तोकिने नियमित कर्मचारीको न्यूनतम शैक्षिक योग्यता र कार्य अनुभव यस कार्यविधिले तोके बमोजिम अनिवार्य पूरा भएको हुनु पर्दछ, ताकि समुदाय स्तरमा परियोजनाका गतिविधिहरू प्रभावकारी रूपमा सहजीकरण भएको सुनिश्चत हुनेछ । आवश्यक सबै पदहरूको विस्तृत कार्य विवरण **अनुसूचि १** मा प्रदान गरिएको छ।

चरण ३ पदपुर्ति समिति गठन : परियोजना व्यवस्थापन समितिले तीन सदस्यीय पदपूर्ति समिति गठन गर्नेछ, जस मध्ये दुइ जना सदस्य जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्राविधिक सहायता टिमबाट (एक जना परियोजना

सहयोग एकाइ प्रतिनिधि र एक जना क्लस्टर प्राविधिक सहयोग एकाइ प्रतिनिधि) र एक जना सदस्य स्थानीय तहबाट मनोनित हुनेछन् । पदपूर्ति समितिको संयोजक स्थानीय तहबाट तोकिएको सदस्य हुनेछन्। स्थानीय तहबाट तोकिने संयोजक, पदपूर्ति गरिने तह भन्दा एक तह माथिल्लो हुनु पर्दछ । अन्तरवार्ता प्रक्रियामा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ । पदपूर्ति प्रक्रियाको प्रारम्भिक छोटो सूचीको कार्य शुरु हुनु अघि नै छोटो सूचि, लिखित परीक्षा, अन्तर्वार्ता र अन्तिम नतिजाको अङ्कभारको आधार तथा फारमहरु परियोजना व्यवस्थापन समितिद्वारा अनुमोदन गर्नु पर्दछ ।

चरण ४: पदपूर्तिको दरखास्त आह्वानको सूचना : स्थानीय तहबाट कम्तीमा १५ दिनको सूचना अवधि तोकेर स्थानीय र/वा क्षेत्रीय पत्रिका वा राष्ट्रिय पत्रिकामा आवश्यक योग्यता र अनुभवहरू उल्लेख गरी दरखास्त आह्वानको सूचना प्रकाशित गर्नु पर्नेछ। सो सूचना गाउँ/नगरपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको वेबसाइट र/वा अनलाइन पोर्टलमा पनि प्रकाशित गर्नुपर्नेछ। पदपूर्ति दरखास्त आह्वान सूचनाको नमूना **अनुसूचि ४** र दरखास्त फारमको नमूना **अनुसूचि ५** मा प्रस्तुत गरिएको छ।

चरण ५: छोटो सूचि : पदपूर्ति समितिले प्राप्त आवेदनहरूलाई संलग्न प्रमाणहरूका आधारमा मूल्याङ्कन गर्ने छन् र पदपूर्ति समितिको निर्णय अनुसार (सामान्यतया १:३ अनुपातमा) उम्मेदवारहरूको छोटो सूची तयार पार्ने छन्। मूल्याङ्कनका लागि अङ्कभारको मापदण्डहरू तल दिइए अनुसार हुनु पर्नेछ। वैयक्तिक विवरण मूल्याङ्कनका मापदण्डहरू **अनुसूचि ६** मा प्रस्तुत गरिएका छन्। प्रकाशित सूचनामा तोकिएको न्यूनतम योग्यता, अनुभव** र मापदण्ड पुरा नभएका उम्मेदवारहरूको सूची बनाइ कार्यविधिको तालिका २ मा उल्लेखित मापदण्ड अनुसार हटाउनु पर्दछ ।

योग्यता पुगेका उम्मेदवारहरूको थप मूल्याङ्कन तल प्रस्तुत गरिएका आधारहरूमा रहेर तोकिएको मूल्याङ्कन फारमको प्रयोग गरी गरिनेछ। सबै मापदण्डहरुमा अङ्क प्रदान गर्दा पेश भएका प्रमाणहरूका आधारमा मात्र गरिनेछ र कार्य अनुभवको गणना गर्दा शैक्षिक योग्यता हासिल गर्नका लागि प्रशिक्षण प्रशिक्षार्थी वा बेतलवी स्वयंसेवक वा कर्मचारी नरहने गरी कार्य गरेको अनुभव अवधिलाई गणना गरिने छैन।

शैक्षिक योग्यता – १० अंक
सम्बन्धित क्षेत्रको कार्य अनुभव तथा तालिम – ६० अंक
लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण – ३० अंक

उम्मेदवारहरूको प्राप्ताङ्कको आधारमा वरियता सूची तयार गरिनेछ र पदपूर्ति समितिको निर्णय अनुसार उच्च अंक प्राप्त गर्ने उम्मेदवारहरूलाई (सकभर १:३ अनुपातमा) न्युनतम ५ दिनको म्याद दिएर लिखित परीक्षा र अन्तर्वार्ता हुने मितिको जानकारी गराइनेछ। छनौट सूचीमा परेका उम्मेदवारहरूको नामवली गाउँपालिका/नगरपालिकाको सूचना पार्टिमा प्रकाशित गरिनेछ।

चरण ६: लिखित परीक्षा र अन्तर्वार्ता: पदपूर्ति समितिले लिखित परीक्षा र अन्तर्वार्ता एउटै दिनमा संचालन गर्नेछ। लिखित परीक्षाको प्रश्नपत्र क्षेत्रगत विशेषज्ञहरूको सहयोगमा गोप्यता कायम गरी तयार गरिनेछन्। पदपूर्ति समितिले विषयगत विज्ञहरुलाई अन्तरवार्ता सदस्यको रुपमा सहयोग लिन सक्छन् । लिखित परीक्षामा वस्तुगत तथा विषयगत दुबै प्रकारका प्रश्नहरू सोध्नु पर्नेछ र वस्तुगत प्रश्नहरूमा गलत जवाफको ऋणात्मक अंक प्रणाली लागू गरिनेछ।

छनौट सूचीमा परेका सबै उम्मेदवारहरूको अन्तर्वार्ता लिखित परीक्षा भएको दिनमा नै गरिनेछ। अन्तर्वार्ताका लागि लोक सेवा आयोगको अंक मानक प्रणाली लागू गरिनेछ।

चरण ७: अन्तिम मूल्याङ्कन: सबै परीक्षा सम्पन्न भएपछि, उम्मेदवारहरूले प्राप्त गरेको अंकलाई तल उल्लेखित अनुपातका आधारमा गणना गरिनेछ।

***पदपूर्ति समितिले यस अघिका फिनल्याण्ड सरकारको सहयोगमा सञ्चालित परियोजनाहरूमा काम गर्दा कमजोर कार्यसम्पादन गरेको वा विगतमा परियोजनाका आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको वा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र अन्य सरकारी निकायहरुबाट अयोग्य भएको प्रमाणीत उम्मेदवारहरूलाई अयोग्य घोषित गर्न सक्नेछ।*

- अन्तर्वार्ता मूल्याङ्कन – ३५ प्रतिशत

सबै परीक्षा तथा अन्तर्वाता सम्पन्न भएपछि पदपूर्ति समितिले तत्काल नतिजालाई अन्तिम रूप दिई सिफारिस सहित परियोजना व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ। सिफारिस सूची पेश गर्दा वैकल्पिक सूचीमा रहेका उम्मेदवारहरूको नामावली समेत सिफारिस गर्नु पर्नेछ। यो वैकल्पिक सूची पदपूर्ति भएको मिति देखि छ महिनासम्म मान्य रहनेछ। परियोजना व्यवस्थापन समितिले गाउँपालिका/नगरपालिकालाई उस्तै प्रकृतिको जनशक्ति आवश्यकता परेमा, वैकल्पिक सूचीको वैधता अवधिभित्र वरियताक्रमका उम्मेदवारलाई नियुक्ति गर्ने निर्णय गर्न सक्नेछ। लिखित परीक्षा र अन्तर्वार्ताका लागि अङ्कभारको मापदण्डहरू सहितको फारामहरू **अनुसूची ७** मा प्रस्तुत गरिएको छ।

चरण ८ परियोजना व्यवस्थापन समितिबाट स्वीकृति : परियोजना व्यवस्थापन समितिले पदपूर्ति समितिको सिफारिसको आधारमा नियुक्ति सम्बन्धी निर्णय गर्नेछ र छनौट भएका उम्मेदवारहरूको नाम सहित कम्तीमा एक जना वैकल्पिकमा रहेका उम्मेदवारको नाम प्रकाशित गर्नेछ।

चरण ९ वार्षिक कार्यसम्पादनमा आधारित करार सम्झौता : गाउँपालिका/नगरपालिका कार्यालयले सफल उम्मेदवारहरुलाई वार्षिक कार्यसम्पादनमा आधारित करार सम्झौता (निर्धारित ढाँचामा) गरी नियुक्त गर्नेछ। हरेक वर्ष कर्मचारीको वार्षिक कार्यसम्पादन मूल्याङ्कन र आगामी वर्षको वार्षिक कार्यक्रममा कार्यभारको लागि सो पदको आवश्यकताको आधारमा करार अवधि नविकरणको निर्णय गर्नेछ। यदि आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रममा सो पदसंग सम्बन्धित गतिविधिहरू तर्जुमा गरिएको छैन भने, ती कर्मचारीहरूको करार नवीकरण गरिने छैन। सेवा करार सम्झौताको नमूना **अनुसूची ८** मा प्रस्तुत गरिएको छ।

४ छोटो अवधिका सेवा प्रदायकहरूको छनौट प्रक्रिया

सामान्यतया छोटो अवधिका सेवाप्रदायकहरू रोस्टर वा अघिल्लो पदपूर्ति प्रक्रियाको वैकल्पिक सूचीबाट छनौट गर्न सिफारिस गरिन्छ। परियोजना व्यवस्थापन समितिले पदपूर्ति प्रक्रियामा प्रतिस्पर्धा गरेका उम्मेदवारहरूको सूची लाइ रोस्टर बनाइ प्रयोग गर्न सक्नेछ। परियोजना व्यवस्थापन समितिले त्यस्ता उम्मेदवारहरूलाई नियुक्त गर्नु अघि, वैयक्तिक विवरण मूल्याङ्कन, लिखित परीक्षा र अन्तर्वार्ता मार्फत उम्मेदवारको क्षमता सुनिश्चित गर्नुपर्नेछ। यस्ता सेवाप्रदायकहरूसंग नतिजामा-आधारित करार गर्न सिफारिस गरिन्छ। यस्ता सेवाप्रदायकहरूको कार्यकाल अधिकतम छ महिनासम्मको रहनेछ। कुनै पनि छोटो अवधिका सेवाप्रदायकलाई पालिका एकाइका अन्य कर्मचारीहरूको नियमित कामलाई पूरा गर्नका लागि नियुक्त गर्न पाइने छैन। यस्ता सेवाप्रदायकको सेवा शुल्क गाउँपालिका/नगरपालिकामा कार्यरत विद्यमान

पालिका एकाइ कर्मचारीहरुको सेवा सुविधा भन्दा बढी हुनु हुदैन। छोटो अवधिका सेवाप्रदायकहरूलाई आधारभूत सेवा शुल्क बाहेक अन्य सेवा सुविधा प्रदान गरिने छैन।

तालिका २ गाउँपालिका/नगरपालिका परियोजना कार्यान्वयन एकाइका लागि आवश्यक मानव संसाधनहरुको आधारभूत आवश्यकताहरू

क्र.स	पद	तह/संख्या	काम गर्ने स्थान	न्यूनतम शैक्षिक योग्यता तथा सम्बन्धित क्षेत्रको कार्य अनुभव
१	जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना अधिकृत	अधिकृत-छैठौं स्तर -१	गाउँपालिका/नगरपालिका कार्यालय	सम्बन्धित विषयमा स्नातक तह। खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि क्षेत्रमा योजना तर्जुमा,क्षमता विकास क्रियाकलापहरुमा कम्तीमा ५ वर्षको अनुभव।
२	फिल्ड संयोजक	सहायक-पाँचौं स्तर - अधिकतम १, गाउँपालिका/नगरपालिका परियोजना कार्यभार अनुसार	गाउँपालिका/नगरपालिका कार्यालय	प्रविणता तह वा उच्च माध्यमिक १०+२ तह कृषि वा वन वा ग्रामीण विकास वा सामाजशास्त्र वा सो सरह खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि क्षेत्रमा योजना तर्जुमा,क्षमता विकास क्रियाकलापहरुमा कम्तीमा ५ वर्षको अनुभव।
३	सब इन्जिनियर	सहायक-पाँचौं स्तर-१	गाउँपालिका/नगरपालिका कार्यालय वा वडा कार्यालय	सिभिल इन्जिनियरिङ डिप्लो तह । खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि तथा जीविकोपार्जन गतिविधिका इन्जिनियरिङ सर्वे, डिजाइन र योजना निर्माण सुपरिवेक्षणमा कम्तीमा ३ वर्षको अनुभव।
४	प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ता	सहायक-पाँचौं स्तर-१	गाउँपालिका/नगरपालिका कार्यालय वा वडा कार्यालय	कृषि वा वनमा प्रवीण डिप्लोमा वन,कृषि-वन, प्राकृतिक स्रोत व्यवस्थापन तथा जीविकोपार्जन सम्बन्धी गतिविधिहरूको योजना तर्जुमा र कार्यान्वयनमा कम्तीमा ३ वर्षको अनुभव।
५	असिस्टेन्ट सब—इन्जिनियर/जलस्रोत प्राविधिक	सहायक-चौथो स्तर -२ देखि ३*	योजना स्तर वा वडा कार्यालय	सिभिल इन्जिनियरिङ विषयमा प्राविधिक एस. इ. इ./एस. एल. सी. वा मान्यता प्राप्त संस्था/परियोजनाबाट कम्तीमा ३० दिने खाने पानी तथा सरसफाइ टेक्नेसियन तालिम प्राप्त। खानेपानी सरसफाइ स्वच्छता, सिँचाइ, बहुउपयोगी योजना, कृषि, बायोइन्जिनियरिङ्ग वा अन्य सम्बन्धित पूर्वाधार निर्माणको कार्यान्वयनमा कम्तीमा २ वर्षको अनुभव।

६	सामाजिक परिचालक	सहायक-चौथो स्तर -२ देखि ३*	योजना स्तर वा वडा कार्यालय	एस. इ. इ./एस. एल. सी. वा सो सरह । खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि, जीविकोपार्जन क्षेत्रमा क्षमता विकास, सामाजिक परिचालन,योजना तर्जुमा आदिमा कम्तीमा २ वर्षको अनुभव।
क्र.स	**पद**	**तह/संख्या**	**काम गर्ने स्थान**	**न्यूनतम शैक्षिक योग्यता तथा सम्बन्धित क्षेत्रको कार्य अनुभव**
१	जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना अधिकृत	अधिकृत-छैठौं स्तर -१	गाउँपालिका/नगरपालिका कार्यालय	सम्बन्धित विषयमा स्नातक तह। खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि क्षेत्रमा योजना तर्जुमा,क्षमता विकास क्रियाकलापहरुमा कम्तीमा ५ वर्षको अनुभव।

*वार्षिक कार्यक्रममा योजना संख्या तथा क्रियाकलापको कार्यबोझको आधारमा संख्या निर्धारण गरिने ।

५ स्थानीय तह परियोजना कार्यान्वयन गर्ने एकाई जनशक्ति परिचालन

५.१ वार्षिक कार्यक्रम तथा कार्य योजना तर्जुमाः

- परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूको कार्य योजनाको आधार भनेको गाउँपालिका/नगरपालिकाको आर्थिक वर्षको वार्षिक कार्यक्रम हो, जस मार्फत परियोजना गतिविधिहरु फिल्डमा कार्यान्वयन गरिन्छ।

- गाउँपालिका/नगरपालिकाबाट वार्षिक कार्यक्रम अनुमोदन भइसकेपछि, प्रत्येक गतिविधिका विस्तृत चरणबद्ध-खुटकिला तथा विभिन्न स-साना क्रियाकलापहरुमा विभाजन गरी सूचीबद्ध गरिनेछ र पालिका परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूको वार्षिक करार संझौतामा अनुसूचिको रुपमा संलग्न गरिनेछ। जुन क्रियाकलापहरू पालिका परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूको वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधार पनि बन्नेछन्। वार्षिक कार्यक्रमलाइ फिल्डस्तरमा व्यवहारिक र हासिल गर्न योग्य सुनिश्चित गर्न, यसमा भएका सबै योजना तथा गतिविधिहरूमा समय सीमा, जिम्मेवार कर्मचारी, विनियोजित बजेट, अपेक्षित जनश्रमदान तथा नतिजा क्षेत्रका परिणामहरू समावेश भएको हुनुपर्छ। योजना तर्जुमा तथा क्रियाकलापहरु विभाजन प्रक्रिया गर्दा लाभान्वित समुदायहरुको मौसमी (कृषि) पात्रोलाई पनि ध्यानमा राख्नु पर्दछ।

- आर्थिक वर्षको वार्षिक कार्यक्रममा तर्जुमा गरिएको सबै गतिविधिहरूलाई त्रैमासिक कार्य योजनामा विभाजन गरी प्राथमिकता अनुसार कार्यान्वयन गर्नु पर्दछ।

- स्थानीय तह तथा क्लस्टर स्तरमा हुने द्वैमासिक/अर्ध वार्षिक प्रगति समीक्षा र योजना तर्जुमा बैठकहरू मार्फत पालिका परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूले त्रैमासिक कार्य योजनाको आधारमा, मासिक र द्वैमासिक कार्य योजनाहरु तयार गर्नेछन्। यी बैठकहरू पालिका परियोजना कार्यान्वयन एकाइले प्राविधिक सहायता सल्लाहकार र प्राकृतिक स्रोत व्यवस्थापन विशेषज्ञको सहभागितामा संचालन गर्ने छन् । पालिका परियोजना कार्यान्वयन एकाइ कर्मचारीले सहमत गरेको मासिक र द्वैमासिक कार्य योजनाहरुलाई कडाइका साथ पालन गर्नु पर्नेछ । हरेक कर्मचारीले आफ्नो प्राथमिकता तथा समय उपयुक्त रूपमा विभाजन गर्नु पर्नेछ। चरणबद्ध कार्यविधिको पालना गर्दै गरिने गतिविधिहरूको उचित समय र गुणस्तर कायम राखी फिल्डमा सम्पन्न गरेको क्रियाकलापहरुलाई वार्षिक कार्यसम्पादन मूल्याङ्कनको मुख्य मापदण्ड मानिनेछ।

- सबै योजना-स्तरका गतिविधिहरू प्रत्येक योजनाका लागि तयार गरिएको सामुदायिक कार्य योजना बमोजिम कार्यान्वयन गरिनेछ। विस्तृत मार्गदर्शनका लागि सम्बन्धित चरणबद्ध कार्यविधिहरु हेर्न अनुरोध गरिन्छ ।

- खानेपानी तथा सरसफाइ, वन, कृषि र प्राकृतिक स्रोत व्यवस्थापन गतिविधिहरूको सहज कार्यान्वयन गर्नका लागि स्थानीय स्तरमा उपलब्ध उत्कृष्ट अनुभव, सीप र क्षमताको उपयोग हुने गरी स्थानीय स्रोत व्यक्तिहरुलाई प्राकृतीक स्रोत विकास कोष बाट परिचालन गरिनेछ।

५.२ प्रतिवेदन

पालिका परियोजना एकाइ कर्मचारीहरूले निम्न प्रतिवेदनहरू गाउँपालिका/नगरपालिका एकाइ मार्फत परियोजना व्यवस्थापन समितिलाई पेश गर्नु पर्नेछन् ।

मासिक प्रगति प्रतिवेदन: प्रत्येक महिना तोकिएको ढाँचामा मासिक प्रतिवेदनहरु पेश गर्नु पर्नेछ र नियमित मासिक बैठक भन्दा पहिले प्राप्त भइ सकेको हुनुपर्छ। प्रतिवेदनमा समावेश गर्नुपर्ने विवरणहरू :

1. प्रतिवेदन अवधिमा कार्य योजना अनुसारको प्रगति
2. आगामी महिनाको कार्य योजना
3. सामना गरिएको समस्याहरू
4. महत्त्वपूर्ण सवालहरु
5. आवश्यक सहयोग/सहजीकरणका सम्भावना तथा स्रोतहरू

साथै, यी प्रतिवेदनहरुले योजना-स्तरको स्पष्ट भौतिक प्रगति, वित्तीय स्थिति र पालिका परियोजना एकाइ कर्मचारीको कार्य दिनहरू सम्बन्धी विस्तृत जानकारी दिनुपर्छ। मासिक बैठकमा गरिने प्रगति समीक्षा र कार्य योजनाको छलफल फिल्ड टिम द्वारा पेश गरिने प्रतिवेदनहरूको प्रस्तुतीको आधारमा गरिनेछ।

अन्य विशेष कार्यक्रमहरु सम्बन्धी प्रतिवेदनहरू : अन्य विशेष कार्यक्रम तथा गतिविधिहरु सम्पन्न हुनासाथ प्रतिवेदन पेश गर्नुपर्नेछ।

५.३ फिल्ड अनुगमन

पालिका परियोजना एकाइ कर्मचारीहरूले संचालन गरेका फिल्ड गतिविधिहरूको अनुगमन परियोजना कार्यान्वयन म्यान्यूअल तथा चरणबद्ध कार्यविधिमा उल्लेख भए अनुसार गरिनेछ। यस्ता अनुगमन भ्रमणमा पालिका एकाइ कर्मचारी टोलीले सक्रिय रूपमा सहभागी हुनुपर्दछ। पालिका परियोजना एकाइ कर्मचारीद्वारा प्रदान गरिने सेवाको गुणस्तर जाँच तथा मूल्याङ्कन गर्न तलका अनुगमन भ्रमणहरू गरिनु पर्छ:

योजना स्तरको अनुगमन: योजना स्तरको अनुगमन चरणबद्ध कार्यविधि अनुसार संचालन गरिनेछ। योजनाको फिल्ड अवलोकन गरी संकलन गरिएको प्रगति, सुझाव तथा सवालहरु पालिका एकाइ कर्मचारीलाई प्रदान गरी कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइनेछ। योजना स्तरमा गरिने लिखित सुझाव र सिफारिसहरू फिल्ड टोलीलाई प्रदान गरिनेछन् र ती सिफारिसहरू अर्को भ्रमणमा कार्यान्वयन भए/नभएको चेक जाँच गरि सुनिश्चित गरिनेछन्। योजना स्तरको अनुगमन टोलीका सदस्यहरु परियोजना व्यवस्थापन समितिद्वारा मनोनित गरिनेछ।

स्थानीय तहस्तरको अनुगमन: स्थानीय तहस्तरको अनुगमन वार्षिक रूपमा अनुगमन कार्य दलबाट गरिन्छ। अनुगमन टोलीले स्थानीय तहका सबै गतिविधि तथा पक्षहरू अवलोकन र अनुगमन गर्नेछ । प्रगति गरिएको गतिविधिहरुको गुणस्तर, परिमाण, तथा सम्पन्न प्रक्रियाहरू सहभागितामूलक ढङ्गले भए/नभएको, आमभेला, विषयबस्तु केन्द्रित सामुहिक छलफल, गुणस्तर केन्द्रित निरीक्षण,लेखाजोखा तथा अभिलेख निरीक्षण मार्फत अनुगमन गरिनेछ। अनुगमनका सिफारिस तथा निष्कर्षहरू अनुगमन पुस्तकमा उल्लेख गरी सबै टोली सदस्यहरूले हस्ताक्षर गर्नेछन्। लिखित सुझाव र

सिफारिसहरू फिल्ड टोलीलाई प्रदान गरिनेछन् र ती सिफारिसहरू आगामी भ्रमणमा कार्यान्वयन भए/नभएको चेक जाँच गरि सुनिश्चित गरिनेछन्। यो वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधिकारिक दस्तावेज समेत हुनेछ ।

फलो अप र विशेष भ्रमण : औपचारिक अनुगमन भ्रमणका अतिरिक्त, स्थानीय तह, परियोजना समन्वय एकाइ/कार्यालय, परियोजना सहयोग एकाइ र अन्य सम्बन्धित निकायहरूबाट पनि फिल्ड अनुगमन तथा भ्रमण हुन सक्छन्। यस्ता भ्रमणको क्रममा भ्रमण गर्ने सदस्यले पालिका एकाइ कर्मचारी टोलीसंग बैठक राख्नेछन् । फिल्ड प्रगतिबारे समीक्षा र अघिल्ला अनुगमन भ्रमणमा दिइएका सिफारिसहरूको कार्यान्वयन स्थितिबारे छलफल गर्नेछन्।

५.४ वार्षिक कार्यसम्पादन मूल्याङ्कन

पालिका परियोजना एकाइ कर्मचारीहरूको कार्यसम्पादन तथा प्रगति समीक्षा भनेको नियमित प्रक्रिया हो र वार्षिक कार्यसम्पादन मूल्याङ्कन भनेको वर्ष भरी कर्मचारीहरूबाट सम्पादन गरिएका कार्यहरु तथा नतिजामा आधारीत भएर गरिनेछ। कर्मचारीहरूको कार्यसम्पादन, विभिन्न योजनाहरूको प्रत्येक अनुगमन भ्रमणको क्रममा गरिने मूल्याङ्कन र तिनीहरूको प्रतिवेदन विश्लेषण गरेर गरिनेछ। वार्षिक रूपमा परियोजना व्यवस्थापन समितिले तोकेको टोलीले अन्तिम कार्यसम्पादन मूल्याङ्कन गर्नेछ। अन्तिम मूल्याङ्कन प्रतिवेदन परियोजना व्यवस्थापन समितिबाट अनुमोदन गर्नु पर्नेछ ।

पालिका परियोजना एकाइ कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन व्यक्तिगत आधारमा गरिनेछ। हरेक कर्मचारीको फिल्ड क्रियाकलापहरु र जिम्मेवारीको प्रकृति फरक फरक हुने कुरालाइ मध्यनजर गर्दै, अंकभार प्रणाली पदगत कार्य विवरण तथा जिम्मेवारीको आधारमा डिजाइन गरिनेछ। परियोजनाको नतिजाहरूको बुँदा र सहमति भएका कार्य विवरणसंगको अनुसूचि लक्ष्यलाई वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधार मानिनेछ। वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा निम्न लिखित बुँदाहरु हुनेछन्।

- पदगत जिम्मेवारीमा तोकिएको योजनामा गरिएका गतिविधिहरू समयमा सम्पन्न भएको,
- सम्पन्न गरिएको कार्यको गुणस्तर,
- चरणबद्ध कार्यविधिको प्रक्रिया, परियोजना कार्यान्वयन म्यान्युअल, अन्य परियोजना कार्यविधिहरु तथा मापदण्डको पालना,
- फिल्डमा कर्मचारीको नियमितता र नैतिक आचरण,
- पेश गरेको प्रतिवेदनहरु तथा यसको गुणस्तर ।

बार्षिक कार्यक्रममा बजेट व्यवस्था भएमा बार्षिक कार्यसम्पादन मूल्याङ्कनमा पालिका परियोजना एकाइ कर्मचारीले ९० भन्दा बढी अंक प्राप्त गरी परियोजना व्यवस्थापन समितिबाट अनुमोदन भएमा वार्षिक आधारभूत तलबको १०% सम्म पुरस्कार पाउन सक्नेछन्। परियोजना व्यवस्थापन समितिले कार्यसम्पादन मूल्याङ्कनको परिणामको आधारमा पुरस्कार र दण्ड सजायको निर्णय गर्न सक्दछ र यसलाई आगामी आर्थिक वर्षका लागि हरेक कर्मचारीको करार अविध थप गर्ने/नगर्ने आधार समेत बनाउनेछ।

अनसूचि १: विभिन्न पदहरूको जिम्मेवारी र कार्यक्षेत्र

लक परियोजना अधिकृत

पद	लक परियोजना अधिकृत - अधिकृत छैठौं स्तर
रोजगारदाता	गाउँ/नगर कार्यपालिकाको कार्यालय
कार्य स्थान	गाउँ/नगर कार्यपालिकाको कार्यालय, स्थानीय तह भित्र परियोजना कार्य क्षेत्रमा फिल्ड भ्रमण गर्नु पर्नेछ, आवश्यक परेको खण्डमा अन्य तोकिएका स्थानीय तहहरू पनि भ्रमण गर्नुपर्ने हुन सक्छ।
अवधि	वार्षिक करार सम्झौता (परियोजना अवधिको अन्त्यसम्म वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा नवीकरण गर्न सकिने)
जवाफदेही हुनुपर्ने	प्रमुख प्रशासकीय अधिकृत
प्रतिवेदन गर्नुपर्ने	स्थानीय तहको परियोजना व्यवस्थापन समिति (प्रमुख प्रशासकीय अधिकृत र परियोजनाका प्राविधिक सहायता सल्लाहकार मार्फत)
शैक्षिक योग्यता	सिभिल इन्जिनियरिङ, समाजशास्त्र, व्यवस्थापन, ग्रामीण विकास, प्राकृतिक स्रोत व्यवस्थापन वा अन्य सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण

कार्य अनुभवः

- ग्रामीण क्षेत्रमा सामुदायिक विकास, योजना तर्जुमा र व्यवस्थापन, वा जीविकोपार्जन/जलस्रोत/ प्राकृतिक स्रोत व्यवस्थापन जस्ता गतिविधिहरूमा न्यूनतम ५ वर्षको कार्य अनुभव साथै स्थानीय तहहरू संग काम गरेको अनुभव लाइ प्राथमिकता दिइनेछ ।
- समान प्रकृतिका विशेष गरी फिनल्याण्ड सरकार र युरोपेली संघको वित्तीय सहयोगमा संचालित परियोजनाहरूमा कार्य गरेको अनुभवलाई थप ग्राह्यता दिइनेछ ।

अन्य दक्षताहरूः

- सामाजिक परिचालन र तालिमहरू सहजीकरणमा राम्रो दक्षता भएको,
- अंग्रेजी र नेपालीमा राम्रो लेख्न र बोल्न सक्ने साथै स्थानीय भाषामा राम्रो दक्षता भएको,
- नेपाली र अंग्रेजीमा प्रतिवेदन लेखनमा राम्रो सीप भएको,
- कम्प्युटर सीप (MS Office) मा पकड भएको,
- अनलाइन वेव-वेस र मोवाइल एप (जस्तै एक्टिभिटी इन्फो, कोबो, एम बाटर आदि)मा तथ्याङ्क संकलन तथा प्रतिवेदन गर्न सक्ने सीप भएको ।

काम, कर्तव्य र जिम्मेवारीहरू

- गाउँ/नगरपालिकाहरूलाई विभिन्न योजना तर्जुमा (क्याचमेन्ट व्यवस्थापन योजना समेत) र रणनीतिहरू (जल स्रोत, जीविकोपार्जन, कृषि-वन, जलवायु परिवर्तन अनुकूलन/विपद जोखिम न्युनिकरण/व्यवस्थापन, मर्मत सम्भार तथा दिगोपना, व्यवस्थापकीय सुचना प्रणाली, आदि) तयारी तथा तर्जुमा गर्न योगदान पुऱ्याउने, सहयोग गर्ने र प्रोत्साहित गर्ने साथै प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने।
- स्थानीय सरकारका निकाय तथा निर्णयकर्ताहरूलाई लक परियोजना अन्तर्गत हुन सक्ने विकासका अवसरहरूबारे जानकारी गराउने।
- स्थानीय सरकार तथा साझेदारहरूलाई परियोजनाका गतिविधिहरू संयुक्त रूपमा तर्जुमा र कार्यान्वयन गर्न सहयोग गर्ने।
- परियोजनाका गतिविधिहरूसंग सम्बन्धित वार्षिक कार्यक्रम, अनुगमन र प्रतिवेदन तयार पार्न गाउँपालिका/नगरपालिकालाई सहयोग गर्ने।
- प्राकृतिक स्रोत विकास कोष (NRDF) को स्थिति सहित विभिन्न गतिविधिहरूको प्रगति प्रतिवेदन तयारी, संयोजन तथा प्रमाणित गरि परियोजना व्यवस्थापन समितिलाई पेश गर्ने र संकलन गरिएका तथ्याङ्कहरुको गुणस्तरियता सुनिश्चित गर्ने।
- क्लस्टर कार्यालय/परियोजना सहयोग एकाइ मार्फत सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लाइ पेश गर्नु पर्ने आवधिक (मासिक/चौ-मासिक/अर्ध-वार्षिक/वार्षिक) प्रतिवेदनहरु तयार गर्न सहयोग गर्ने।
- परियोजनाका सबै गतिविधिहरूको कार्यान्वयन तथा संचालन गर्दा परियोजना कार्यान्वयन निर्देशिका र चरणवद्ध कार्यविधि अनुसार भएको सुनिश्चित गर्ने।
- फिल्डमा विशेष गरी योजना छनौट, तयारी, निर्माण र निर्माण पश्चातको चरण तथा अन्य निर्णय प्रक्रियाहरूमा लैंगिक समानता अपाङ्गता सामाजिक समावेशीकरण र मानव अधिकारमा आधारित अवधारणा लागु भएको सुनिश्चित गर्ने।
- परियोजना अन्तर्गत कार्यान्वयन हुने सबै खालका योजना तथा कार्यक्रमहरू स्थानीय सरकारको समावेशी सात-चरण योजना तर्जुमा प्रक्रियालाई पालन गरि छनौट भएको सुनिश्चित गर्ने।
- वडा समिति, टोल विकास समिति, सामुदायिक वन उपभोक्ता समिति र अन्य सरोकारवालासंग नजिकको समन्वयकारी भूमिका बहन गर्दै योजना तर्जुमा प्रक्रिया सहज बनाउन परियोजना कार्यान्वयन पालिका एकाइका कर्मचारीहरूलाई परिचालन गर्ने।
- परियोजना द्वारा तयार गरिएको व्यवस्थापन सुचना प्रणालीमा स्थानीय तहका कर्मचारीहरूको पहुँच तथा त्यसको प्रयोग गर्नमा सहयोग गर्ने र हासिल भएको नतिजाको समयमै प्रतिवेदन गर्ने ।
- आवश्यकता अनुसार स्थानीय तहको आर्थिक प्रशासन शाखालाई प्राकृतिक स्रोत विकास कोष (NRDF) को वित्तीय प्रतिवेदन तयारीमा सहयोग गर्ने।
- गाउँपालिका/नगरपालिका कर्मचारीहरू तथा निर्णयकर्ताहरूलाई परियोजनाको निर्देशिका,म्यान्युअल र नीतिहरूबारे जानकारी गराउनु।
- गाउँपालिका/नगरपालिका भित्र अन्य संघ संस्थाहरूसंग संभावित सहकार्य र उपलब्ध स्रोत साझेदारी गर्न समन्वय गर्ने।

- परियोजना टोली, स्थानीय कर्मचारीहरू, जिल्ला वन अधिकृत र अन्य सरोकारवाला बीच सहकार्य र सदभाव कायम राख्दै योजना गरिएका गतिविधिहरू समयमै सम्पन्न हुने सुनिश्चित गर्ने।
- स्थानीय तहका कर्मचारीहरू/सरोकारवालाहरू/वडाहरूमा क्षमता विकास आवश्यकता विश्लेषण गरेर वार्षिक कार्यक्रम तर्जुमाका लागि गतिविधिहरू सहित सुझाव दिने।
- परियोजनाका क्रियाकलापहरु कार्यान्वयन गर्ने पालिका एकाइका अन्य कर्मचारीहरूको वार्षिक कार्यसम्पादन मूल्याङ्कनमा टोली सदस्यको रूपमा सहभागी हुने।
- परियोजना व्यवस्थापन समितिका बैठकहरूको आयोजना गर्न सहयोग गर्ने र निर्णयहरू तयार पार्ने।
- स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यशाला/गोष्ठी/तालिमको प्रस्तावना तयार पारी अनुमोदन प्रक्रिया र आर्थिक व्यवस्थापन गर्ने। खर्चको पारदर्शिता सुनिश्चित र अग्रिम भुक्तानी समयमै फछर्यौट गर्ने।
- स्वीकृत वार्षिक कार्यक्रमका गतिविधिहरूको अनुगमन र सुपरिवेक्षण गरी गुणस्तर सुनिश्चित गर्ने र परियोजनाका अनुपालन, मानकहरुको पालना गर्ने र गराउने।
- फिल्डका कर्मचारीहरूलाई कार्यान्वयन योजना अनुसार परिचालन गर्ने । साथै मासिक बैठक र फिल्ड भ्रमणमार्फत उनीहरूको कार्यसम्पादन अनुगमन गर्ने। सबै परियोजना/फिल्ड कर्मचारीहरुले परियोजनाको आचारसंहिता पालन गरिरहेको सुनिश्चित गर्ने।
- परियोजना कार्यान्वयनको सबै चरणमा परियोजनाका निर्देशिकाहरू (परियोजना कार्यान्वयन निर्देशिका, चरणवद्ध कार्यविधि, GEDSI/HRBA आदि) सही रूपमा पालन भइरहेको सुनिश्चित गर्ने।
- परियोजनाका नतिजाहरू हासिल गर्न सुपरभाइजरले तोके अनुसार अन्य कुनै पनि काम र जिम्मेवारीहरू पालना गर्ने ।

फिल्ड संयोजक

पद	फिल्ड संयोजक - सहायक पाँचौं तह
रोजगारदाता	गाउँ/नगर कार्यपालिकाको कार्यालय
कार्य स्थान	गाउँ/नगर कार्यपालिकाको कार्यालय अन्तर्गत रहेर परियोजना कार्यान्वन हुने गाउँपालिका/नगरपालिका भित्रको क्षेत्र वा वडा कार्यालय (आवश्यकता अनुसार)
अवधि	वार्षिक करार सम्झौता (परियोजना अवधिको अन्त्यसम्म वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा नवीकरण गर्न सकिने)
जबाफदेही हुनुपर्ने	प्रमुख प्रशासकीय अधिकृत र प्राविधिक सहायता सल्लाहकार
प्रतिवेदन गर्नुपर्ने	लक परियोजना अधिकृत र प्राविधिक सहायता सल्लाहकार/प्राकृतिक स्रोत व्यवस्थापन विज्ञ
शैक्षिक योग्यता	कृषि र वन वा ग्रामिण विकास वा सामाजिक विज्ञान वा सो सरहको विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र/उच्च माध्यामिक तहको शिक्षा

कार्य अनुभव

- ग्रामीण क्षेत्रमा सामुदायिक विकास, योजना तर्जुमा र व्यवस्थापन, वा जीविकोपार्जन/जलस्रोत/प्राकृतिक स्रोत व्यवस्थापन जस्ता गतिविधिहरूमा न्यूनतम ५ वर्षको कार्य अनुभव साथै स्थानीय तहहरूसंग काम गरेको अनुभवलाई ग्राह्यता
- समान प्रकृतिका विशेष गरी फिनल्याण्ड सरकार र युरोपेली संघको वित्तीय सहयोगमा संचालित परियोजनाहरूमा काम गरेको अनुभवलाई थप ग्राह्यता दिइनेछ ।

अन्य दक्षताहरू:

- सामाजिक परिचालन र तालिमहरू सहजीकरणमा राम्रो दक्षता,
- अंग्रेजी र नेपालीमा राम्रो लेख्न र बोल्न सक्ने साथै स्थानीय भाषामा राम्रो दक्षता,
- प्रतिवेदन लेखनमा राम्रो सीप,
- आधारभूत कम्प्युटर सीप (MS Office),
- वेव-वेस वा मोवाइल एप (एक्टिभिटी इन्फो, कोबो, एम बाटर आदि)मा आधारीत तथ्याङ्क संकलन तथा प्रतिवेदन गर्न सक्ने दक्षता ।

काम, कर्तव्य र जिम्मेवारीहरू:

फिल्ड संयोजक मुख्यत तोकिएको कार्य क्षेत्रमा परियोजनाका विभिन्न समुदाय स्तरका जलस्रोत, जीविकोपार्जन तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी गतिविधिहरूको योजना तर्जुमामा समन्वय, सहजीकरण र सहयोग गर्न जिम्मेवारी हुनेछन्। फिल्ड संयोजक पद पूर्ण रूपले फिल्डमा आधारित हुनेछ । फिल्ड संयोजकले लक परियोजना अधिकृतको प्रत्यक्ष निरीक्षण र निर्देशनमा निम्न कार्यहरू गर्नेछन्,:

योजना तर्जुमा तथा कार्यान्वयन

- विशेषत परियोजना अन्तर्गत संचालन हुने गतिविधिहरूको वार्षिक कार्यक्रम तथा क्याचमेन्ट व्यबस्थापन योजना समावेशीता सहितको स्थानीय तह सात चरणको योजना तर्जुमा प्रक्रियाबाट टोल/बस्ती र वडा स्तरका योजनाहरूको तथा गतिविधिहरूको छनौट प्रकृया सुनिश्चित गर्ने कार्यमा लक परियोजना अधिकृतलाई सहयोग गर्ने
- स्वीकृत बार्षिक कार्यक्रमको आधारमा क्रियाकलापहरूको विस्तृत कार्यान्वयन योजना तयार गर्ने र तोकिएको समय सीमा अनुसार विभिन्न सरोकारवालाहरूसंग समन्वय गरी कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापनका गतिविधिहरू कार्यान्वयन गर्ने।
- वडा/योजना स्तरमा आम भेलाहरू आयोजना गर्ने र सम्बन्धित योजना तथा गतिविधिहरूमा परियोजनाको बारेमा जानकारी गर्ने।
- लैङ्गिक समानता अपाङ्गता र सामाजिक समावेशीकरण/मानव अधिकारमा आधारित कार्यपद्धति मार्गदर्शनको रूपमा उपभोक्ता समूह/कृषि समुह/सामुदायिक बन उपभोक्ता समुहहरुको गठन प्रक्रियामा सहयोग गर्ने, विधान तयारी तथा दर्ता प्रक्रियामा सहयोग गर्ने, साथै उपभोक्ता समितिहरूको बैंक खाता खोल्नमा सहयोग गर्ने ।

- योजनाहरूको कार्यान्वयन चरणको सम्झौता अघि चरणवद्ध प्रक्रिया अनुसार प्रारम्भिक मर्मत सम्भार कोष संकलनलाई सुनिश्चित गर्ने र भरपर्दो स्थानीय सहकारीमा मर्मत सम्भार खाता खोल्न सहजीकरण गर्ने।
- योजना स्थलमा निर्माण (स्थानीय/गैर-स्थानीय) सामग्रीको ढुवानी र उचित भण्डारण व्यवस्थापनमा उपभोक्ता समितिहरूलाई सहयोग गर्ने।
- परियोजना गतिविधिहरूको कार्यान्वयन प्रगतिको नियमित रूपमा अनुगमन गर्ने; समुदाय परिचालन, सामुदायिक कार्य योजना समीक्षाको लागि उपभोक्ता समिति/समूह/कृषि समूह/सामुदायिक बन उपभोक्ता समूहहरुलाई सहयोग गर्ने र दिइएको समयसीमा भित्र सबै गतिविधिहरू पूरा गर्न सहयोग प्रदान गर्ने।
- स्थानीय तहका अधिकारहरूसंगको समन्वयमा योजना स्तरमा हुने र भएका विवादहरू (यदि कुनै छन भने) समाधान गर्न उपभोक्ता समिति/उपभोक्ताहरूलाई सहयोग गर्ने।
- प्राविधिक तालिमहरू जस्तै; ग्रामिण मर्मत सम्भार कार्यकर्ता, पम्प अपरेटर, मिस्त्री, अगुवा कृषक, वन हेरालो, स्थानीय स्रोत व्यक्ति जस्ताको लागि सहभागीहरूको छनौटमा समुदायलाई सहजीकरण गर्ने;
- ग्रामीण मर्मत सम्भार कार्यकर्ता तथा स्थानीय स्रोत व्यक्तिहरूको लागि जीविकोपार्जनका अवसरहरू जस्तै अगुवा किसान, आय आर्जन गर्ने गतिविधिहरू, लघु उद्यमहरू आदिमा उनीहरूको संलग्नता सुनिश्चित गर्ने।
- खातापाताहरूको उचित व्यवस्थापन, बैठक पुस्तिका, योजना बोर्ड, सार्वजनिक सुनुवाइ/लेखापरीक्षणमा सहजीकरण र अन्य अभियानहरूमा महिला र विपन्न समूहहरूको सहभागिता मार्फत संस्थागत सुशासन कायम राख्न उपभोक्ता समिति/कृषि समुह/सामुदायिक बन उपभोक्ता समूहहरूलाई सहयोग गर्ने।
- खानेपानी योजनाहरूमा उपभोक्ता समिति तथा उपभोक्ताहरूलाई मर्मत सम्भार, सामुदायिक बन कार्ययोजना, व्यावसायिक योजना र जलवायु उत्थानशील पानी सुरक्षा योजना तयारी जस्ता प्रक्रियामा सहयोग गर्ने। जलवायु उत्थानशील पानी सुरक्षा योजनाहरूको कार्यान्वयनमा सहजीकरण तथा नियमित निगरानी गर्ने र पानीको दिगो उपलब्धताको लागि सरोकारवाला निकायहरूसंग सम्बन्ध विकासको लागि उपभोक्ता समितिहरूलाई सहयोग गर्ने।
- सहकारीका कर्मचारीहरूलाई व्यावसायिक पोर्टफोलियो विस्तार गर्न सहजीकरण र प्रोत्साहन गर्ने र उपभोक्ता समिति/सामुदायिक बन उपभोक्ता समुहहरुलाई सहकारीमा जोड्न बाह्य स्रोतहरूको खोजि गर्न सहयोग गर्ने।

क्षमता अभिवृद्धि, समन्वय र सहकार्य

- योजना/समुदायहरूको लागि क्षमता अभिवृद्धि गर्ने गतिविधिहरूको आवश्यकता विश्लेषण गर्ने र सोही अनुसार वार्षिक कार्यक्रम तर्जुमामा सुझाव दिने।
- स्वीकृत वार्षिक कार्यक्रम अनुसार योजना/वडा स्तरका सरोकारवालाहरू (उपभोक्ता समिति, सहकारी, सामुदायिक बन, कृषि समूह आदि) को लागि विभिन्न तालिमहरू संचालन गर्ने; स्रोत व्यक्तिको रूपमा सहजीकरण गर्ने र पाठ्यक्रम सामग्री/सुचना शिक्षा, र संचार सामग्रीहरू विकास गर्न सहयोग गर्ने।
- उपभोक्ता समिति, कृषि समुह, सामुदायिक बन, सहकारीहरूलाई उचित वित्तीय व्यवस्थापन/खातापाता व्यवस्थापन र गैर-स्थानीय सामग्री खरिद प्रक्रिया, ढुवानी, स्टोर व्यवस्थापन; बैठक पुस्तिका, अन्य रेकर्ड राख्न सहयोग र क्षमता प्रदान गर्ने।

- जीविकोपार्जनलाई राम्रो बनाउन आयआर्जन र लघुवित्त गतिविधिहरूलाई प्रवर्द्धन गर्न र दिगोपनाका लागि सम्पन्न योजनाहरूको संचालन तथा मर्मत सम्भार कोष संकलन गर्न समुदायमा आधारित संस्थाहरूलाई सहकारीमा आबद्ध हुन सहयोग र सहजीकरण गर्ने।

अनुगमन तथा प्रतिवेदन

- योजना स्तरको अनुगमन प्रक्रियाको योजना बनाउने र भाग लिने, चरणबद्ध कार्यविधि अनुसार क्रियाकलापहरू कार्यान्वयन भएको सुनिश्चित गर्ने र अनुगमनमा आएका सल्लाह सुझावहरू उचित र समयमै कार्यान्वयन भएको सुनिश्चित गर्ने।
- जन स्वास्थ्य र GEDSI मुद्दाहरूको अनुगमन (सरसफाइ र स्वच्छता, पोषण, महिनावारी स्वच्छता, लिङ्गमा आधारित हिंसा, अपाङ्गता भएका व्यक्तिको अधिकार आदि) को लागि स्वास्थ्य चौकी/महिला स्वास्थ्य स्वयंसेविका (FCHV), विद्यालय र स्थानीय तहमा काम गर्ने विभिन्न संस्थाहरूसंग समन्वय र सहजीकरण गर्ने; पूर्ण सरसफाइ तथा वातावरण मैत्री समुदाय तयारी स्व-मूल्याङ्कन विधिहरू (घरधुरी र विद्यालयहरू)को उपलब्धि/प्रभावको नजिकबाट निगरानी गर्ने।
- चरणबद्ध कार्यविधि र परियोजना कार्यान्वयन निर्देशिका अनुसार बार्षिक कार्यक्रममा भएका गतिविधिहरूको गुणस्तरीयता कार्यान्वयन सुनिश्चित गर्ने।
- योजनाहरुको जलवायु उत्थानशील पानी सुरक्षा योजना र दिगोपनाका सुचकहरूको नियमित फलोअप तथा प्रतिवेदन गर्ने ।
- परियोजना गतिविधिहरूको मासिक प्रगति प्रतिवेदन तयार गर्न सहयोग गर्ने, मासिक बैठकको लागि अर्को महिनाको योजना समावेश गर्ने।
- परियोजनाका गतिविधिहरूको कार्यान्वयनमा उठाइएका सवालहरू, समुदायको भावना, राम्रा अभ्यासहरू र रिपोर्टिङ अवधिबाट सिकेका पाठहरू अनुगमन गरिएको सुनिश्चित गर्ने ।

अन्य

- लक परियोजना अधिकृत संगको समन्वयमा उपभोक्ता समिति/कार्यक्रमहरूको बिल र अन्य कागजातहरूको रुजु गर्ने तथा आवश्यक कार्यमा सहयोग गर्ने। उपभोक्ता /सप्लायर्स हरूलाई भुक्तानीको लागि उपभोक्ता समिति लाई सहजीकरण गर्ने।
- स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषि, वन र जलस्रोत गतिविधिहरूको कार्यशाला/तालिमको प्रस्ताव तयार गर्ने र स्वीकृति प्रक्रियाको लागि परियोजना एकाइमा पेश गर्ने। खर्चको पारदर्शिता कायम राख्ने र समयमै पेश्की फछ्यौंट गराउने।
- विस्तृत कार्यान्वयन योजना अनुसार फिल्डका कर्मचारीहरु परिचालनमा सहयोग गर्ने र मासिक बैठक र फिल्ड भ्रमण का लागि बार्षिक कार्यक्रमका गतिविधिहरूमा प्राविधिक मार्गदर्शन प्रदान गर्ने।
- परियोजनाको आवश्यकता अनुसार बेसलाइन, इनलाइन र अन्य तथ्याङ्क सङ्कलनका लागि हुने सर्भेमा सहयोग गर्ने।
- सुपरभाइजरले तोकेका परियोजना परिणाम तथा नतिजाहरू हासिल गर्न अन्य कुनै पनि काम र जिम्मेवारीहरू।

सब-इन्जिनियर

पद	सब-इन्जिनियर - सहायक पाँचौं स्तर
रोजगारदाता	गाउँ/नगर कार्यपालिकाको कार्यालय
कार्य स्थान	गाउँ/नगर कार्यपालिकाको कार्यालय, पालिका भित्रको परियोजनाको कार्य क्षेत्रहरुमा आधारित भएर अधिक अनुगमन भ्रमण ।
अवधि	वार्षिक करार सम्झौता (परियोजना अवधिको अन्त्यसम्म वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा नवीकरण गर्न सकिने)
जवाफदेहीता	प्रमुख प्रशासकीय अधिकृत
प्रतिवेदन गर्नुपर्ने	लक परियोजना अधिकृत र प्राविधिक सहायता अधिकृत/प्राकृतिक स्रोत व्यवस्थापन विज्ञ र स्थानीय तहको पूर्वाधार शाखा प्रमुख
शैक्षिक योग्यता	सिभिल इन्जिनियरिङ विषयमा प्रवीणता डिप्लोमा

कार्य अनुभवः

- समुदायमा आधारित ग्रामीण खानेपानी तथा सरसफाइ, सिँचाइ, बायो-इन्जिनियरिङ र अन्य पूर्वाधार विकासका गतिविधिहरू (सर्भे, डिजाइन, सुपरिवेक्षण/अनुगमन, मूल्याङ्कन आदि) मा कम्तीमा ३ वर्षको कार्य अनुभव।
- समान प्रकृतिका विशेष गरी फिनल्याण्ड सरकार र युरोपेली संघ द्वारा वित्तीय सहयोग भएका परियोजनाहरूमा काम गरेको अनुभवलाई विशेष ग्राह्यता दिइनेछ ।

अन्य दक्षताहरू

- सामाजिक परिचालन र तालिम सहजीकरणमा उत्कृष्ट क्षमता,
- स्थानीय भाषामा दक्षता सहित नेपालीमा राम्रो लेख्न र बोल्न सक्ने,
- ग्रामीण खानेपानी तथा सरसफाइ र सिँचाइका योजनाहरूको सर्वेक्षण तथा डिजाइन सफ्टवेयर प्रविधि तथा यन्त्रहरु GPS, DGPS जस्तामा राम्रो दक्षता तथा पकड,
- प्रतिवेदनमा राम्रो सीप र अनलाइन वेबबेस र मोवाइल एप एक्टिभिटी इन्फो,कोबो, एम बाटर आदिमा आधारीत प्रतिवेदन गर्न सक्ने दक्षता ।
- इन्जिनियरिङ सफ्टवेयर Auto-CAD मा आधारभूत दक्षता,
- कम्प्युटर सीप (MS Office)मा आधारभूत दक्षता ।

काम, कर्तव्य र जिम्मेवारीहरूः

- सब-इन्जिनियर परियोजनाका प्राविधिक अधिकृतसंग नजिकको सहकार्यमा गाउँपालिका/ नगरपालिका स्तरमा योजना निर्माण सम्बन्धी प्राविधिक कार्यहरू सम्पन्न गर्ने काममा मुख्य जिम्मेवार हुन्छ।

- उनी/उनले परियोजनाको प्राविधिक सहायता सल्लाहकार वा प्राकृतिक स्रोत व्यवस्थापन विज्ञ र स्थानीय तहको इन्जिनियरको प्रत्यक्ष सुपरिवेक्षण र मार्गदर्शनमा, लक परियोजना अधिकृत र अन्य फिल्ड कर्मचारीहरुसंग नजिकको समन्वय गर्दै निम्न कार्यहरू सम्पन्न गर्नेछन्।

योजना तर्जुमा र कार्यान्वयन

- गाउँपालिका/नगरपालिका स्तरका क्षेत्रगत योजना तर्जुमाको प्राथमिककीकरणमा परेका योजनाहरूको पुर्व/सम्भाव्यता अध्ययन गर्न र लक अधिकृतलाई परियोजनाको वार्षिक कार्यक्रम तथा क्याचमेन्ट व्यबस्थापन योजना तयारीमा सहयोग गर्ने।
- योजना स्थलगत लेआउट योजना तयार पार्ने र अन्तिम रूप दिने साथै योजनामा आइपर्ने प्राविधिक सवालहरू उपभोक्ता/उपभोक्ता समितिहरूलाई आम भेला/समितिको बैठक मार्फत छलफल गर्ने।
- परियोजनाका प्राविधिक मापदण्ड अनुसार जलवायु परिवर्तन/विपद जोखिम न्युनिकरणका गतिविधिलाई एकीकृत गर्दै विस्तृत प्राविधिक सर्वेक्षण गर्ने, डिजाइन र लागत अनुमान तयार पार्ने। साथै पानीको बहु-उपयोगलाई मध्यनजर गर्दै पानीको अधिकतम प्रयोगलाइ सुनिश्चित गर्ने ।
- उपभोक्ता समितिको सामुदायिक कार्य योजना (CAP) तयार पार्न सहयोग गर्ने र समीक्षा गर्न सहभागी हुने।
- स्वीकृत डिजाइन र नक्सा अनुसार संरचनाको लेआउट अनुसार जलस्रोत प्राविधिक/मिस्त्रीहरूलाई सहयोग गर्ने।
- बाह्य निर्माण सामग्रीका लागि खरिद सम्बन्धी कागजात तयार पार्ने, समितिहरूलाई निर्माण सामग्री खरिद प्रक्रियामा सहयोग गर्ने र स्थानीय/बाह्य निर्माण सामग्री को गुणस्तर सुनिश्चित गर्ने।
- उपभोक्ता समिति र फिल्डका अन्य सदस्यहरुलाई जलवायु उत्थानशील पानी सुरक्षा योजना तयार पार्न र कार्यान्वयनमा सहयोग गर्ने।

क्षमता अभिवृद्धि, समन्वय र सहकार्यको विकासः

- प्राविधिक सहयोग र सहजीकरणका लागि गाउँपालिका/नगरपालिकाको प्राविधिक टोली र परियोजनाका प्राविधिक सहायता सल्लाहकार/प्राकृतिक स्रोत व्यवस्थापन विज्ञ र प्राविधिक अधिकृतसंग प्राविधिक स्पष्टता सहित सहयोग र सहजीकरणका लागि नियमित समन्वय गर्ने ।
- प्राविधिक तालिमहरूमा सहभागीहरूको छनौट गर्न उपभोक्ता समितिलाई सहयोग गर्ने, त्यस्ता तालिममा स्रोत व्यक्ति/सहजकर्ताको रूपमा कार्य गर्ने र योजनाका उपभोक्ता समितिलाई नियमित संचालन तथा मर्मत सम्बन्धी प्राविधिक अभिमुखीकरण प्रदान गर्ने।
- निर्धारित गतिविधिहरू समयमै सम्पन्न गर्न परियोजना टोली, स्थानीय तहका कर्मचारीहरू, तथा अन्य सरोकारवालासंग बलियो सहकार्य र समन्वय कायम गर्ने ।
- गाउँपालिका/नगरपालिका स्तरीय नियमित प्रगति समीक्षा र योजना तर्जुमा बैठकमा सहभागी हुने।

अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः

- निर्माण कार्यको स्वीकृत गुणस्तर मापदण्ड र डिजाइन अनुसार सुनिश्चित गर्दै असिस्टेन्ट सब-इन्जिनियर/जलस्रोत प्राविधिक तथा स्थानीय स्रोत व्यक्तिहरूलाइ सुपरभाइज गर्ने । साथै निर्माण गतिविधिहरूको नियमित अनुगमन तथा निरीक्षण गर्ने ।

- सम्पन्न कार्यको नाँपजाच तथा प्रमाणीकरण गरी योजनाको कार्य सम्पन्न प्रतिवेदन र नापी किताब तयार गरी सम्बन्धित निकायमा उपभोक्ता समितिहरूलाई भुक्तानी तथा अन्तिम स्वीकृतिका लागि सिफारिस सहित पेश गर्ने ।
- गाउँपालिका/नगरपालिका भित्रका योजना स्तरमा हुने विभिन्न अनुगमनका भ्रमणहरूमा सहयोग र सहजीकरण प्रदान गर्ने।
- योजनाहरुको जलवायु उत्थानशील पानी सुरक्षा योजना कार्यान्वयन र दिगोपना सम्बन्धी नियमित फलोअप गर्ने ।
- भौतिक प्रगति तथा फिल्डगत प्राविधिक सवाल, चुनौती, तथ्य तथा प्रमाणहरु सहित प्रतिवेदनहरू नियमित रुपमा तयार गरी परियोजना अधिकृत, प्राविधिक अधिकृत, प्राकृतिक स्रोत व्यवस्थापन बिज्ञ र गाउँपालिका/नगरपालिकाका इन्जिनियरलाई पेश गर्ने।
- उपभोक्ता समितिहरूलाई सार्वजनिक लेखा परीक्षण तथा स्थानीय स्तरका भुक्तानीका लागि आवश्यक प्राविधिक प्रतिवेदनहरू तयारीमा सहयोग गर्ने, र
- परियोजनाको चरणबद्ध कार्यविधिमा निर्दिष्ट अन्य प्राविधिक कार्यहरू गर्ने।

अन्य:

- परियोजनाको आवश्यकता अनुसार प्राविधिक, प्रारम्भिक, अन्तिम तथा अन्य तथ्याङ्क संकलन कार्यहरूमा परिचालीत हुने तथा सहयोग गर्ने।
- परियोजना कार्यान्वयनको सबै चरणमा परियोजनाका निर्देशिकाहरू (परियोजना कार्यान्वयन निर्देशिका, चरणवद्ध कार्यविधि, GEDSI/HRBA आदि) पालन भएको सुनिश्चित गर्ने।
- सुपरभाइजरले तोकेका परियोजना परिणाम तथा नतिजाहरू हासिल गर्न अन्य कुनै पनि काम र जिम्मेवारीहरू।

प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ता

पद	प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ता - सहायक पाँचौ तह
रोजगारदाता	गाउँ/नगर कार्यपालिकाको कार्यालय
कार्य क्षेत्र	गाउँ/नगर कार्यपालिकाको कार्यालय, स्थानीय तह भित्र परियोजना लागू भएका क्षेत्र
अवधि	वार्षिक करार सम्झौता (परियोजना अवधिको अन्त्यसम्म वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा नवीकरण गर्न सकिने)
जवाफदेहीता	प्रमुख प्रशासकीय अधिकृत
प्रतिवेदन	लक परियोजना अधिकृत र प्राविधिक सहायता सल्लाहकार/प्राकृतिक स्रोत व्यवस्थापन विज्ञ
शैक्षिक योग्यता	कृषि वा वन विज्ञानमा प्रवीणता डिप्लोमा तह

कार्य अनुभव

- कृषि वा वन तथा कृषि-वन सम्बन्धी गतिविधिहरूको योजना र कार्यान्वयनमा कम्तिमा तीन वर्षको अनुभव।
- समान प्रकृतिका विशेष गरी फिनल्याण्ड सरकार र युरोपेली संघ द्वारा वित्तीय सहयोग भएका परियोजनाहरूमा काम गरेको अनुभवलाई थप ग्राह्यता दिइनेछ ।

अन्य दक्षताहरू

- सामाजिक परिचालन र तालिम सहजीकरणमा राम्रो दक्षता,
- स्थानीय भाषामा दक्षता सहित नेपालीमा राम्रो लेख्न र बोल्न सक्ने र अंग्रेजी भाषामा उचित दक्षता,
- राम्रो प्रतिवेदन लेखन सीप र अनलाइन वेबबेस, मोवाइल एप (एक्टिभिटी इन्फो,कोबो, एम बाटर आदि)मा प्रतिवेदन गर्न सक्ने आधारभूत दक्षता ।

काम, कर्तव्य र जिम्मेवारीहरूः

प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ताले परियोजना अन्तर्गतका जीविकोपार्जन, कृषि, वन, कृषि-बन, र प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी गतिविधिहरू कार्यान्वयन गर्न गाउँपालिका/नगरपालिका स्तरमा मुख्य प्राविधिक फोकल व्यक्तिको रूपमा काम गर्नेछ। गाउँपालिका/नगरपालिकाको कृषि, वातावरण, र उद्यम विकास शाखाहरू, र प्राकृतिक स्रोत व्यवस्थापन विज्ञसंगको समन्वयमा काम गर्दै, प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ताले जलवायु-उत्थानशील जीविकोपार्जन र संरक्षणलाई प्रवर्द्धन गर्ने एकीकृत जलाधार/उप-जलाधार स्तर क्रियाकलापहरूको योजना तर्जुमा र कार्यान्वयनमा तल उल्लेखित कार्यहरू गर्नेछ।

- स्थानीय स्तरमा जीविकोपार्जनका अवसरहरू पहिचान गर्ने र जीविकोपार्जन कार्यान्वयन योजना तथा अन्य कृषि सम्बन्धी योजनाहरू तयार गर्न र कार्यान्वयन गर्न गाउँपालिका/नगरपालिकाहरूलाई सहयोग गर्ने।
- जलवायु मैत्री घर बगैंचा, मौसमी र बेमौसमी तरकारी उत्पादन, र आय आर्जन गर्ने गतिविधिहरूको प्रवर्द्धन र सहयोग गर्ने।
- प्राविधिक तालिमका कार्यक्रमहरूलाई सहजीकरण गर्ने (जस्तै, तरकारी उत्पादन, ग्रीनहाउस, कृषि-सामग्रीहरूको प्रयोग, स्थानीय स्रोत व्यक्तिहरू) ।
- सहकारी र कृषक समूहहरूलाई मूल्य शृङ्खला विकास गर्न र बजारीकरण तथा सम्बन्ध विस्तार गर्न सहयोग गर्ने।
- कृषि व्यवसाय र लघु उद्यम विकासको लागि जीविकोपार्जन प्रवर्द्धकहरू र स्थानीय स्रोत व्यक्तिलाई सहयोग गर्ने ।
- कृषि-उत्पादन आपूर्तिकर्ता र विस्तार प्रवर्द्धकहरूलाई दिने तालिमहरूको तालिम सामग्री विकास गर्ने र क्षमता अभिवृद्धिमा सहयोग प्रदान गर्ने।
- बजार/व्यवसाय समितिहरूलाई सबलीकरण गर्ने र स्थानीय स्तरमा कृषि कार्यशालाहरू र सेवा प्रदायकहरूसंगको सम्बन्धलाई प्रवर्द्धन गर्ने।
- संरक्षणका सवालहरू पहिचान गर्न र सान्दर्भिक योजना र बजेट तर्जुमा गर्न गाउँपालिका/नगरपालिका र सामुदायिक बनहरूलाई सहयोग गर्ने।

- बहुउद्देश्यीय नर्सरी स्थापना, मुहान संरक्षण, वृक्षारोपण, वन डढेलो र चरी चरन व्यवस्थापनलाई सहजीकरण गर्ने।
- सामुदायिक वन/कबुलियती बन कार्ययोजना तयारी, बन व्यवस्थापन र जैविक विविधता संरक्षणको लागि प्राविधिक सहयोग प्रदान गर्ने।
- गैर-काठ वन पैदावार, औषधीय र सुगन्धित बिरुवा, जडीबुटीहरू प्रयोग गरेर वनमा आधारित हरित उद्यमहरूलाई प्रवर्द्धन गर्ने, र सहकारीहरू मार्फत तिनीहरूको बजार व्यवस्थापनमा सहयोग पुर्याउने।
- सामुदायिक वनहरूको लागि दिगो वन व्यवस्थापन तालिम र नीति निर्माणका लागि अभिमुखीकरणमा सहजीकरण गर्ने।
- प्राविधिक सहयोग र सहकार्यको लागि डिभिजन/सब-डिभिजन वन कार्यालयहरू र गाउँ/नगर पालिकाहरूसंग समन्वय गर्ने।
- जलाधार/उप-जलाधार/क्याचमेन्ट स्तरमा सहभागितामूलक योजना तर्जुमामा प्राकृतिक स्रोत व्यवस्थापन विज्ञहरू र स्थानीय निकायहरूलाई सहयोग गर्ने जस्तै सामुदायिक नक्साङ्कन, जोखिम मूल्याङ्कन, सवालहरूको प्राथमिकीकरण, र एकीकृत योजना विकास आदि।
- सरोकारहरूसंगको समन्वयमा सामुदायिक कार्यशालाहरू, टोल-स्तरीय योजना तर्जुमा गर्ने र कार्यान्वयनलाई सहजीकरण गर्ने।
- नियमित अनुगमन, समीक्षा बैठकहरू, र सिकाइ, चुनौतीहरू अद्यावधि र सिफारिस गर्ने।
- सबै क्रियाकलापहरूमा सीमान्तकृत समूह, महिला, अपाङ्गता भएका व्यक्तिहरू र युवाहरूको समावेशी सहभागितालाई प्रवर्द्धन गर्ने
- सरोकारवालाहरूसंग समन्वय, स्थानीय स्तरमा ग्रामीण सल्लाहकारका रुपमा सहयोग गर्ने।
- लक परियोजना अधिकृतलाई जीविकोपार्जन र कृषि-वन/संरक्षणका गतिविधिहरूको नियमित दस्तावेजिकरण र प्रतिबेदन सुनिश्चित गर्ने।
- गाउँपालिका/नगरपालिका कार्यालयमा हुने मासिक समन्वय र समीक्षा बैठकहरूमा सहभागी हुने।
- परियोजनाका उद्देश्यहरू प्राप्त गर्न सुपरभाइजरले तोकेको कुनै पनि अतिरिक्त कार्यहरू गर्ने।

असिस्टेन्ट सब-इन्जिनियर/जलस्रोत प्राविधिक

पद	असिस्टेन्ट सब-इन्जिनियर/जलस्रोत प्राविधिक - सहायक चौथो स्तर
रोजगारदाता	गाउँ/नगर कार्यपालिकाको कार्यालय
कार्य क्षेत्र	गाउँपालिका/नगरपालिकाको वडा कार्यालय वा तोकिएका योजना क्षेत्र (आवश्यकता अनुसार)
अवधि	वार्षिक करार सम्झौता (परियोजना अवधिको अन्त्यसम्म वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा नवीकरण गर्न सकिने)
जवाफदेहीता	प्रमुख प्रशासकीय अधिकृत र लक परियोजना अधिकृत
प्रतिवेदन गर्नुपर्ने	सब-इन्जिनियर र लक परियोजना प्राविधिक अधिकृत

शैक्षिक योग्यता CTEVT बाट सिभिल इन्जिनियरिङमा TSLC गरेको वा कुनै मान्यता प्राप्त विकास निकाय/संस्थाबाट कम्तीमा ३० दिनको खानेपानी तथा सरसफाइ सम्बन्धी प्राविधिक तालिम पूरा गरेको वा सो सरह।

कार्य अनुभवः

- कम्तीमा ३ वटा ग्राभिटी प्रणाली खानेपानी तथा सरसफाइ वा सिँचाइ योजना स्वतन्त्र रूपमा सम्पन्न गरेको र जलस्रोत व्यवस्थापन र निर्माण क्षेत्रमा २ वर्षको कार्य अनुभव भएको।
- नवीकरणीय ऊर्जा, सरसफाइ, स्वच्छता र पानीको गुणस्तर सम्बन्धी अनुभवलाई बढी ग्राह्यता दिइनेछ।
- समान प्रकृतिका विशेष गरी फिनल्याण्ड सरकार र युरोपेली संघ द्वारा वित्तीय सहयोग भएका परियोजनाहरूमा काम गरेको अनुभवलाई विशेष ग्राह्यता दिइनेछ

अन्य दक्षताहरू

- सामाजिक परिचालन र तालिम सहजीकरणमा उत्कृष्ट क्षमता,
- नेपाली भाषामा लेख्न र बोल्न सक्ने साथै स्थानीय भाषामा दक्षता,
- वेव-वेस र मोवाइल एप (एक्टिभिटी इन्फो, कोबो, एम बाटर आदि)मा आधारभूत तथ्याङ्क संकलन गर्ने दक्षता ।

काम, कर्तव्य र जिम्मेवारीहरूः

असिस्टेन्ट सब-इन्जिनियर/जलस्रोत प्राविधिक योजना स्थलमा निर्माण सम्बन्धी गतिविधिहरूको निगरानी गर्ने प्रमुख व्यक्ति हुन्। उ/उनि निर्माणसम्बन्धी कार्यहरूमा प्राविधिक सहयोग प्रदान गर्न पूर्ण कालिन समय फिल्डमा कार्य क्षेत्र भएका कर्मचारी हुन्। असिस्टेन्ट सब-इन्जिनियर/जलस्रोत प्राविधिकले परियोजनाका प्राविधिक अधिकृत र सब-इन्जिनियरको प्रत्यक्ष सुपरिवेक्षण तथा निर्देशनमा र अन्य कर्मचारीहरुसंगको नजिकको समन्वयमा निम्न कार्यहरू सम्पादन गर्नेछः

- जलस्रोत सम्बन्धी योजनाहरू (मुख्यतः खानेपानी तथा सरसफाइ, सिँचाइ, सुधारिएको पानी घट्ट, जीविकोपार्जन, प्राकृतिक स्रोत व्यवस्थापनका पूर्वाधार, सुधारिएको चुलो, साथै अन्य नवीकरणीय ऊर्जा प्रविधि) कार्यान्वयनका लागि समुदायलाई परिचालन गर्ने।
- जलस्रोत योजनाहरूको पुर्व/सम्भाव्यता अध्ययनमा सहयोग गर्ने र आवश्यक परेमा स्वयं संचालन गर्ने।
- विस्तृत प्राविधिक सर्भे संचालनमा सब-इन्जिनियरलाई सहयोग गर्ने।
- स्थानीय व्यक्तिहरूका लागि दिइने तालिमहरू तथा मर्मत सम्भार कार्यकर्ता जस्ता प्राविधिक तालिमहरू संचालन तथा सहयोग गर्ने।
- सबै प्रकारका योजनाहरूको निर्माण कार्य गुणस्तरीय बनाउन उपभोक्ता समिति तथा मिस्त्रीहरूलाई प्रत्यक्ष प्राविधिक सहयोग प्रदान गर्ने।
- योजनाहरूको निर्माणका क्रियाकलापहरू द्रुत गतिमा कार्यान्वयनका लागि वडा तथा स्थानीय तहका प्रतिनिधिहरूसंग समन्वय र सहकार्य गर्ने।

- चरणबद्ध कार्यविधि अनुसार निर्माण सामग्री (संरचना अनुसारको प्रयोग), पाइप, फिटिंग, औजार र दक्ष/अदक्ष मिस्त्रीको हाजिरी अभिलेखमा उपभोक्ता समितिलाई सहयोग गर्ने।
- प्राविधिक तालिमहरू जस्तै मर्मत सम्भार, पम्प अपरेटर, स्थानीय स्रोत व्यक्ति, हेरालो तालिमका लागि सहभागी छनौटमा उपभोक्ता समितिलाई सहजीकरण गर्ने। औपचारिक तालिमपछि फिल्डमा अतिरिक्त व्यवहारिक तालिम दिने र उनीहरूको कार्यसम्पादन मूल्याङ्कन गर्ने।
- पानी महसुल निर्धारण, जलवायु उत्थानशील पानी सुरक्षा योजना, संचालन तथा मर्मत सम्भार योजना तयारी, योजनाको संचालन निर्देशिका निर्माण तथा कार्यान्वयनमा उपभोक्ता समिति/समुदायलाई सहयोग गर्ने।
- पानीको गुणस्तरसंग सम्बन्धित क्रियाकलापहरू, परीक्षण, जलवायु उत्थानशील पानी सुरक्षा योजना तथा सम्बन्धित तालिमहरू संचालनमा योजना स्तरमा सहयोग गर्ने।
- योजना स्तरमा निर्माण कार्यको लग शीटहरू अद्यावधिक गर्ने।
- उपभोक्ता समितिलाई जलवायु उत्थानशील पानी सुरक्षा योजना तर्जुमामा सुझाव/सहयोग प्रदान गर्ने र कार्यान्वयनमा निगरानी गर्ने।
- स्रोत संरक्षण, योजनाहरूको दिगोपना सम्बन्धी गतिविधि तथा पूर्ण सरसफाइ सम्बन्धी क्रियाकलापमा सहयोग गर्ने।
- स्थानीय तहमा मनाइने विशेष दिवसहरू (राष्ट्रिय सरसफाइ सप्ताह, हात धुने दिवस, पानी दिवस, वातावरण दिवस आदि) मनाउने जस्ता प्रचार-प्रसार गतिविधिहरूमा सहयोग गर्ने।
- योजना स्तरमा हुने अनुगमन भ्रमणहरूमा सहयोग गर्ने।
- परियोजना टोली, स्थानीय सरकारका प्रतिनिधिहरू तथा सरोकारवालाहरूसंग समन्वय र सुमधुर सम्बन्ध कायम गर्दै योजनाका गतिविधिहरू समयमै पूरा हुने सुनिश्चित गर्ने।
- सुपरभाइजरले तोकेका परियोजना परिणाम तथा नतिजाहरू हासिल गर्न अन्य कुनै पनि काम र जिम्मेवारीहरू।

सामाजिक परिचालक

पद	सामाजिक परिचालक - सहायक चौथो स्तर
रोजगारदाता	गाउँ/नगर कार्यपालिकाको कार्यालय
कार्य स्थान	गाउँपालिका/नगरपालिकाको वडा कार्यालय वा तोकिएका योजना क्षेत्र (आवश्यकता अनुसार)
अवधि	वार्षिक करार सम्झौता (परियोजना अवधिको अन्त्यसम्म वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा नवीकरण गर्न सकिने)
जवाफदेहीता	प्रमुख प्रशासकीय अधिकृत र लक परियोजना अधिकृत
प्रतिवेदन गर्नुपर्ने	फिल्ड संयोजक वा लक परियोजना प्राविधिक अधिकृत
शैक्षिक योग्यता	एस. एल. सी./एस. ई.ई./ टी. एस. ई.ई वा समकक्ष शैक्षिक योग्यता। सिभिल इन्जिनियरिङ, कृषि वा वन विज्ञान जस्ता प्राविधिक शैक्षिक पृष्ठभूमि भएका उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

कार्य अनुभवः

- क्षमता अभिबृद्दी, सामाजिक परिचालन, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि, योजना तर्जुमा तथा जीविकोपार्जन क्षेत्रमा कम्तीमा २ वर्षको कार्य अनुभव भएको।
- जलस्रोत व्यवस्थापन सम्बन्धी क्रियाकलापहरूको कार्यान्वयनमा र स्थानीय तहको सात चरण योजना तर्जुमा प्रक्रिया सहजीकरणमा काम गरेको कार्य अनुभवलाई बढी ग्राह्यता दिइनेछ।
- समान प्रकृतिका विशेष गरी फिनल्याण्ड सरकार र युरोपेली संघ द्वारा वित्तीय सहयोग भएका परियोजनाहरूमा काम गरेको अनुभवलाई थप ग्राह्यता दिइनेछ ।

अन्य दक्षताहरू

- सामाजिक परिचालन र तालिम सहजीकरणमा उत्कृष्ट क्षमता
- नेपाली भाषामा लेख्न र बोल्न सक्ने साथै स्थानीय भाषामा दक्ष
- राम्रो तथ्याङ्क संकलन सीप र अनलाइन वेबबेस, मोवाइल एप (एक्टिभिटी इन्फो,कोबो, एम बाटर आदि) मा प्रतिवेदन गर्न सक्ने आधारभूत दक्षता ।

काम, कर्तव्य र जिम्मेवारीहरूः

स्थानीय तहका वडा स्तरका कर्मचारी तथा अन्य परियोजना फिल्ड स्टाफहरूसंग नजिकको समन्वय गर्दै, सामाजिक परिचालकहरूले जल तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी विभिन्न गतिविधिहरूका लागि समुदायलाई परिचालन गर्नेछन्। तोकिएको सुपरिवेक्षकको प्रत्यक्ष सुपरभिजनमा सामाजिक परिचालकले निम्न कार्यहरू सम्पन्न गर्नेछः

कार्यक्रम कार्यान्वयन

- टोल, बस्ती, क्याचमेन्ट तथा वडा स्तरमा योजना तर्जुमा प्रक्रियामा सहजीकरण गर्ने।
- वडा कार्यालय संगको समन्वय र सहकार्यमा बस्ती /क्याचमेन्ट स्तरको आवश्यकताहरू पहिचान बैठक संचालन गर्ने।
- सहभागीहरूलाई परियोजनासंग सम्बन्धित गतिविधिहरू पहिचान गर्न प्रोत्साहित र प्रेरित गर्ने।
- बस्ती/क्याचमेन्ट स्तरमा समुदायले पहिचान गरेका प्राथमिकताहरू सूचीबद्ध गर्ने र परियोजनाको दायरा भित्रका प्राथमिकताहरू छनौट गर्ने।
- परियोजनाको प्राथमिकता क्षेत्र अन्तर्गत रहेका सबै बस्तीहरूबाट पहिचान र प्राथमिकतामा परेका गतिविधिहरू संकलन गरी वडा स्तरमा प्रस्तुत गर्ने।
- लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण लाई विशेष ध्यान दिदै टोल/वडास्तर/क्याचमेन्ट को योजनाहरूको प्राथमिकिकरण बैठक सहज बनाउने र प्राथमिकतामा परेका क्रियाकलापहरू फिल्ड संयोजक वा लक परियोजना अधिकृतलाई पेश गर्ने।
- परियोजनाका गतिविधिहरू कार्यान्वयन गर्दा चरणबद्ध कार्यविधिलाई पूर्ण रूपमा पालना गर्ने।
- वडा/योजना/कृषक समूह/ सामुदायिक वन उपभोक्ता समिति स्तरमा सामूहिक बैठक संचालन गरी परियोजनाका प्रक्रिया, गतिविधि तथा सरोकारवालाको भूमिकाबारे जानकारी प्रवाह गर्ने।

- परियोजनाको लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण तथा मानव अधिकारमा आधारित सिद्धान्त अनुसार उपभोक्ता समिति तथा अन्य सामुदायिक वन उपभोक्ता समिति गठनमा सहयोग गर्ने, तिनको विधान, दर्ता प्रक्रिया तथा संचालन, बैंक खाता खोल्न सहयोग गर्ने।
- योजनाको कार्यान्वयन सम्झौता हुनु अघि चरणबद्ध कार्यविधि अनुसार प्रारम्भिक मर्मत सम्भार कोष सुनिश्चित गर्न उपभोक्ता समिति लाई सहयोग गर्ने र विश्वसनीय स्थानीय सहकारीमा मर्मत सम्भार खाता खोल्न सहजीकरण गर्ने।
- योजना स्थलमा स्थानीय तथा गैर-स्थानीय निर्माण सामग्री ढुवानी र भण्डारण व्यवस्थापनमा उपभोक्ता समितिलाई सहयोग गर्ने।
- परियोजनाका गतिविधिहरूको कार्यान्वयनको प्रगति नियमित रूपमा अनुगमन गर्ने; समुदाय परिचालन, सामुदायिक कार्य योजनाको समीक्षा तथा समयमै कार्य पूरा गर्न उपभोक्ता समितिलाई सहयोग गर्ने।
- वडा/स्थानीय तहका प्रतिनिधिहरूसंग नजिकको समन्वयमा योजना स्तरमा देखा परेका विवाद (यदि भए) समाधानमा सहयोग गर्ने।
- प्राविधिक तालिमहरू (मर्मत सम्भार कार्यकर्ता, अगुवा कृषक तालिम, मिस्त्री तालिम आदि)का लागि सहभागी छनौटमा सहजीकरण गर्ने; मर्मत सम्भार कार्यकर्ता तथा हेरालोलाई जीविकोपार्जन र आय-आर्जनका अवसरहरू (अगुवा कृषक, आय-आर्जनका क्रियाकलाप, लघु- उद्यम आदि) मा संलग्न गराउन सहजीकरण गर्ने।
- उपभोक्ता समितिको संस्थागत सुशासन कायम राख्न खातापाता, बैठक निर्णय, योजना बोर्ड, सार्वजनिक सुनुवाइ/लेखा परीक्षण तथा महिला र विपन्न समूहको सहभागितामा सहयोग गर्ने।
- बाल क्लब/विद्यालय व्यवस्थापन समिति/ अभिभावक संघका बैठकहरूमा सहभागी भई सरसफाइ तथा स्वच्छता सम्बन्धी सवाल उठाउने; शिक्षक तथा विद्यार्थीलाई खानेपानी सरसफाइ तथा स्वच्छता सुविधाको संचालन र मर्मतमा परिचालन गर्ने।
- विद्यालयहरूमा बाल-मैत्री तथा लैङ्गिक-मैत्री खानेपानी सरसफाइ तथा स्वच्छता सुविधा विकास गर्न समन्वय र प्रोत्साहन गर्ने।
- घरायसी शौचालय प्रयोग/स्वच्छता, हात धुने सुविधा, महिनावारी स्वच्छता व्यवस्थापनको अनुगमन स्व-मूल्याङ्कन (मोबाइल एपद्वारा) गरी पूर्ण सरसफाइ तथा वातावरण मैत्री समुदाय तयार गर्ने।
- विद्यालयलाई पूर्ण सरसफाइ सम्बन्धी तालिम प्रदान गर्ने र समुदायस्तरका पूर्ण सरसफाइ तथा वातावरण मैत्री समुदाय अभियानमा परिचालन गर्ने।

तालिम तथा क्षमता विकास

- समयमै सूचना, स्थान व्यवस्था तथा अन्य व्यवस्थापन सहित उपभोक्ता समिति, कृषक समूह, वन उपभोक्ता समूह, कृषि-वन समूहहरूका लागि योजना स्तरका तालिमहरू आयोजना गर्ने।
- वडा कार्यालय तथा अन्य परियोजना/संस्थासंग समन्वय गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशेष दिवस/सप्ताहहरू (जस्तै; सरसफाइ सप्ताह, विश्व पानी दिवस, विश्व वातावरण दिवस, महिला हिंसा विरुद्ध १६ दिने अभियान आदि) सम्बन्धी जनचेतना कार्यक्रम आयोजना गर्ने।

अन्य

- बेस लाइन, मिड लाइन, इन्ड लाइनका लागि आवश्यक तथ्याङ्क संकलन गर्ने।
- सहभागीतामुलक अनुगमन प्रणाली प्रवर्द्धन गर्दै समुदायमा व्यवहार परिवर्तन सम्बन्धी शिक्षाका गतिविधिहरू संचालन गर्ने; जस्तै घरदैलो भेटघाट गरी व्यवहार परिवर्तनको प्रगति अनुगमन गर्ने।
- पूर्ण सरसफाइ र वातावरणमैत्री गतिविधिहरूको प्रवर्द्धनको लागि समुदाय स्तरमा व्यवहार परिवर्तन गर्न प्रदर्शनी अभ्यासहरू संचालन गर्ने।
- घर बगैंचा तथा आय-आर्जन गतिविधिको अनुगमन गर्ने।
- जीविकोपार्जन समूहहरूलाई पोषण तथा आय-आर्जनका गतिविधि प्रवर्द्धनमा सहयोग गर्ने र सम्पन्न योजनाहरूको संचालान तथा मर्मत कोष वृद्धि गर्न उपभोक्ता समितिलाइ सहजीकरण गर्ने।
- सुपरभाइजरले तोकेका परियोजना परिणाम तथा नतिजाहरू हासिल गर्न अन्य कुनै पनि काम र जिम्मेवारीहरू।

अनुसुची २: स्थानीय तह परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूका अन्य सेवा सर्त तथा नियमहरू

क) सम्झौता अवधिभर स्थानीय तह परियोजना कार्यान्वयन एकाइका कर्मचारीहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा, आफ्नै नाममा वा अरू कसैको नाम वा माध्यमबाट कुनै अन्य व्यवसाय, पेशा वा रोजगारीमा संलग्न हुन पाउने छैनन्। कर्मचारीले जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजनाका गतिविधिहरूमा मात्र संलग्न रहनुपर्नेछ। गाउँ/नगरपालिकाबाट लक परियोजनाका लागि तोकिएका कर्मचारीहरू गाउँ/नगरपालिकाका नियमित कार्य, गतिविधि वा सहजीकरणमा सहभागी हुन वा सहयोग गर्न पाउने छैनन्।

ख) अतिरिक्त जनशक्ति आवश्यकता: गाउँ/नगरपालिकामा तर्जुमा लक्ष्य गरिएका योजना/क्रियाकलापहरुका आधारमा, परियोजना व्यवस्थापन समितिले अतिरिक्त प्राविधिक जनशक्तिको आवश्यकता विश्लेषण गर्नेछ। यस्ता अतिरिक्त जनशक्ति विशेष कार्यका लागि निश्चित अवधिका लागि छोटो समयका सेवा प्रदायकका रूपमा नियुक्त गरिनेछ। यो पनि नतिजामा आधारित सम्झौता हुनेछ। यस्ता सेवा प्रदायकहरूको लागत गाउँ/नगरपालिका प्राकृतिक स्रोत विकास कोष मार्फत व्यहोरिने छ। सेवा प्रदायकहरूको दर र सुविधा सहयोगी व्यक्तिहरूको विद्यमान दरभन्दा बढी हुने छैन। परियोजना व्यवस्थापन समितिले दरको विश्लेषण गरी सेवा प्रदायकका लागि दर निर्धारण गर्नेछ।
विशेष कार्यहरू जसका लागि बाह्य विज्ञ वा संस्थाबाट सेवा लिन आवश्यक पर्छ, ती कार्यहरू नेपालका प्रचलित सार्वजनिक खरिद ऐन अनुसार परियोजना व्यवस्थापन समितिले बाह्य स्रोतहरूबाट सेवा खरिद गर्न निर्णय गर्न सक्छ।

ग) स्थानीय तह परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूको बिदाको सुविधा, चाडबाड बोनस, सामाजिक सुरक्षा, बीमा तथा अन्य सुविधा गाउँ/नगरपालिकाका प्रचलित ऐन/नियमावली अनुसार हुनेछन्।

घ) स्थानीय तह परियोजना कार्यान्वयन एकाइका सबै कर्मचारीहरू प्रमुख प्रशासकीय अधिकृत प्रति उत्तरदायी हुनेछन् साथै उपरोक्त कर्मचारीहरूले आफ्नो प्रत्यक्ष सुपरभाइजर तथा परियोजनाका प्राविधिक सहायता सल्लाहकारलाई तोकिएको समयमा प्रतिवेदन पेश गर्नु पर्ने छ। स्थानीय तह परियोजना कार्यान्वयन एकाइका कर्मचारीहरूको सबै प्रकारको भुक्तानीहरू सम्बन्धित प्राविधिक सहायता सल्लाहकारको लिखित सिफारिसका आधारमा मात्र गरिनेछ।

ङ) स्थानीय तह परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूको सेवा करार वार्षिक कार्य सम्पादन सन्तोषजनक भएमा नवीकरण गर्न सकिनेछ, तथापी आगामी वर्षको वार्षिक कार्य योजनामा सम्वन्धित कर्मचारीले सम्पादन गर्ने कार्य समावेश नभएमा, करार सम्झौता नवीकरण गरिने छैन।

च) स्थानीय तह परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूको मासिक तथा अन्य तोकिएको प्रतिवेदन, टाइमसिट र बिदा निवेदन सम्वन्धित प्राविधिक सहायता सल्लाहकारको सिफारिसमा स्वीकृत गरिनेछन्। कुनै कर्मचारीले द्वै-मासिक प्रतिवेदन र टाइमसिट समयमै नबुझाइएमा गाउँ/नगरपालिका कार्यालयले तलब रोक्का गर्न सक्नेछ।

छ) गाउँ/नगरपालिका कार्यालय वा वडा कार्यालयले सहयोगी व्यक्तिहरूका लागि कार्यस्थलको व्यवस्था गर्नेछ। स्थानीय तह परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूका लागि स्टेशनरी र आवश्यक उपकरण प्राकृतिक स्रोत विकास कोष मार्फत व्यवस्था गरिनेछ।

ज) स्थानीय तह परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूका लागि अन्य सुविधा:

१. मासिक आधारभूत तलब, सञ्चय कोष र उपदान नेपाल सरकार/गाउँ/नगरपालिकाको नियमानुसार प्रदान गरिनेछ। आधारभूत तलब बाहेक फिल्ड भत्ता अधिकृत तहका लागि प्रति महिना रु. १५,००० र सहायक तहका लागि प्रति महिना रु. १०,००० प्राकृतिक स्रोत विकास कोष मार्फत प्रदान गरिनेछ।
२. चाडपर्व खर्च : गाउँ/नगरपालिकाको नियमानुसार।
३. पोशाक भत्ता : गाउँ/नगरपालिकाको नियमानुसार।
४. फिल्ड किट भत्ताः रु. ४,००० प्रति कर्मचारी प्रतिवर्ष (बिल पेश पश्चात भुक्तानी गरिने)।
५. सञ्चार खर्चः रु. ५०० प्रति कर्मचारी प्रति महिना
६. दैनिक भ्रमण खर्च: गाउँ/नगरपालिका बाहिर कार्य गर्दा, गाउँ/नगरपालिकाको नियमानुसार।
७. माथि उल्लेखित बाहेक अन्य कुनै भुक्तानी वा सुविधा प्रदान गरिने छैन।

अनुसुची ३: जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको आचार संहिता

यो आचार संहिताले जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजनाका कर्मचारीहरू तथा परियोजनासंग फिल्ड स्तरमा सहकार्य गर्ने सबै संस्थाका कर्मचारीहरूबाट अपेक्षित व्यवहारका मापदण्डहरू स्पष्ट पार्दछ। यसले कर्मचारीहरूलाई व्यक्तिगत तथा व्यावसायिक निर्णयहरूमा नैतिक मार्गदर्शन प्रदान गर्छ। परियोजनाको लक्ष्य तथा उद्देश्यहरु हासिल गर्न उच्च स्तरको नैतीक आचरण तथा व्यवहार आवश्यक पर्दछ । यो लक्ष्य हासिल गर्नको लागि सबै संलग्न साझेदारहरु तथा सो मार्फत कार्यरत कर्मचारीहरुको पूर्ण प्रतिवद्धता अनिवार्य हुन्छ । नैतीक तथा व्यवहारिक रुपमा प्रदर्शन गरिने आचरणले मात्र परियोजनाले लक्षित गरेका उद्देश्यहरु प्राप्त गर्न सहयोग पुग्दछ । यसैले परियोजनाको कामसंग सम्बन्धित सबै कर्मचारीहरुको लागि आचारसंहिता तयार गरी लागू गरिएको छ ।

परियोजनाको उद्देश्य समुदायमा भौतीक संरचनाहरु निर्माण गर्नु मात्र होइन, बरु विभिन्न तहमा संस्थागत तथा नैतीक क्षमता अभिबृद्धि गर्दै सुशासनको पद्धति स्थापना गर्नु समेत रहेकोले यसमा काम गर्ने कर्मचारीहरुको बानी व्यवहार तथा काम गराईबाट समुदायले उक्त आचरणहरु सिक्ने र सोही बमोजिम परियोजना र सो संग सम्बन्धित कर्मचारी र संस्था प्रतिको धारणा निर्माण गर्ने भएकोले सञ्चालित कार्यक्रमको सफलता र दीगोपना समेत केही हदसम्म कर्मचारीहरुबाट गरिने व्यवहारबाट निर्देशित हुन्छन् । कर्मचारीहरुले गर्ने व्यवहार, आचरण, मन्तव्य तथा कार्यहरु समुदायले नजीकबाट नियालीरहेका हुन्छन् । हरेक कर्मचारीहरुले सम्पादन गर्ने कार्यको आधारमा समुदायले परियोजनाको मूल्याङ्कन गरिरहेको हुन्छ । यर्सथः परियोजनासंग आवद्ध कर्मचारीहरुले आफुलाई (Role Model) नमूना व्यवहार प्रदर्शनकर्ताको रुपमा समुदायमा प्रस्तुत हुनुपर्दछ । जसले गर्दा समुदायले कर्मचारीको व्यवहारबाट स्वास्थ्य सम्बन्धी बानी व्यवहारहरु तथा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरणका व्यवहारहरुको सिको गरी असल नैतिक व्यवहारहरु प्रदर्शित गर्न सक्छन् ।

यो आचारसंहिता लक परियोजनाका सबै कर्मचारीहरूमा लागू हुन्छ । यस अन्तर्गत स्थानीय तहका परियोजना कार्यान्वयन एकाइका कर्मचारीहरू तथा छोटो अवधिका सेवा प्रदायक (परामर्शदाता)हरू पनि समावेश छन् । साथै, यो आचारसंहिता लक परियोजनाको कामको सिलसिलामा योजना क्षेत्रमा जाने सबै साझेदारहरुका कर्मचारीहरुले समेत पालना गर्नु पर्दछ।

हरेक गाउँपालिका/नगरपालिका परियोजना व्यवस्थापन समिति (PMC)ले स्थानीय तह भित्र परियोजना कार्यान्वयनस्तरमा यो आचारसंहिता परिपालन तथा व्यवस्थापन गर्ने निकायको रुपमा जिम्मेवारी हुनु पर्दछ। परियोजना सहयोग एकाइ कर्मचारीहरूबीच आचारसंहिताको अनुपालनको निगरानी टिम लिडरले गर्नेछन्। साथै, क्लस्टर तहबाट प्राविधिक सहायता सल्लाहकार र परियोजना सहयोग एकाइका प्रमुख प्रशासनिक तथा लेखा अधिकृतले आचारसंहिता उल्लङ्घनका कुनै पनि घटना भएमा सम्बन्धित समितिमा प्रतिवेदन गर्नेछन्।

यस आचारसंहिता अन्तर्गतका व्यवहारगत मापदण्डहरूलाई निम्न चार भागमा विभाजित गरिएको छ।

१) नमुना व्यवहार प्रदर्शन

सबै फिल्ड कार्यालयहरूले निम्न कुरा अनिवार्य रूपमा सुनिश्चित गर्नुपर्दछ ।

- साबुन पानीको सुविधा र फोहोरदानी सहितको सुरक्षित र सफा शौचालय।

- ठोस, तरल तथा जैविक फोहोरको उचित विसर्जन तथा व्यवस्थापन।
- सम्भव भए सम्म घर बगैंचा वा करेसाबारी व्यवस्थापन प्रदर्शन ।
- कार्यालय र वरिपरिको सरसफाइ तथा सूचना शिक्षा सञ्चार सामग्रीहरू कार्यालयमा प्रदर्शन।
- सबै कर्मचारीहरूले जोखिम अवस्थामा हात धुने लगायत सरसफाइ सम्बन्धी व्यवहारहरू पालना ।
- व्यक्तिगत, घरायसी र वातावरणीय सरसफाइमा ध्यान दिने।

२) आचरणगत व्यवहारहरू

- सबै कर्मचारीहरूले सेवा करार सम्झौता (नियुक्ति पत्र)मा निर्दिष्ट गरिएका शर्तहरू कडाइका साथ पालना गर्ने।
- कामको सिलसिलामा सबैलाई सम्मान तथा आदरपुर्वक व्यवहार गर्नुपर्दछ । स्थानीय धर्म, संस्कृती तथा परम्पराको बारेमा सदैव संवेदनशील रहनुपर्दछ । कहिल्यै पनि स्थानीय भाषा, संस्कृती तथा परम्परा चलनको आलोचना नगरी सबैले लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण मैत्री व्यवहार गर्नुपर्दछ ।
- आफुलाई सदैव व्यवसायिक तथा अनुशासित रुपमा प्रस्तुत गर्ने, व्यवहार गर्दा निष्पक्ष रुपमा गर्नुपर्दछ । आफ्नो निष्पक्षता वा विश्वसनीयता माथि असर पर्न सक्ने तथा आफ्नो कामसंग सम्बन्ध नभएका क्रियाकलापहरुमा संलग्न हुनु हुदैन । यसका साथै परियोजना सम्बद्ध आफ्नो पहिचानलाई नकारात्मक असर पार्ने खालका सार्वजनिक अभिव्यक्तिहरु दिनु हुदैन, जसका कारण निष्पक्षतामा आँच आउँदछ ।
- सबै कर्मचारीहरुले आर्थिक लेनदेनमा अनिवार्य रुपमा उच्च तहको पारदर्शीता कायम राख्नुपर्दछ । कुनै पनि कारोवारमा कुनै पनि प्रकारको आर्थिक अनियमितातामा संलग्न भएमा वा कसैलाई संलग्न गराएमा वा यस्तो अनियमितता भएको जान्दा जान्दै सो हुन नदिन आवश्यक पहल नगरेमा उक्त कर्मचारीलाई अनुशासनको कार्यवाही हुन्छ । कुनै पनि प्रकारको खरिदमा बिक्रेता वा सेवा प्रदायकबाट प्रदान गरिने छुट अनिवार्य रुपमा बीलमा देखाउनु पर्दछ । उपभोक्ता समिति तथा प्राकृतिक स्रोत विकास कोषबाट हुने सबै प्रकारका आर्थिक कारोवारहरुमा पूर्ण पारदर्शीता कायम गर्न कर्मचारीहरूले सदैव सक्रिय भूमिका खेल्नुपर्नेछ। साथै, कुनै पनि वित्तीय अनियमितता वा भ्रष्टाचारसम्बन्धी जानकारी आफ्नो सुपरभाइजरलाई तुरुन्तै उपलब्ध गराउने दायित्व परियोजनामा संलग्न हरेक कर्मचारीको हुनेछ।
- जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनामा कार्यरत प्राविधिक सहायता (TA) कर्मचारीहरूले प्राकृतिक स्रोत विकास कोषबाट कुनै पनि प्रकारको भुक्तानी वा अग्रिम रकम (पेश्की) लिनु हुदैन। कुनै पनि परियोजना सम्बद्ध कर्मचारीहरुले उपभोक्ता समिति सदस्य वा समुदायबाट, योजनाको कोषबाट वा व्यक्तिगत रुपमा समेत कुनै प्रकारको रकम सापटीको रुपमा लिनु हुदैन ।
- सम्बन्धित निकायबाट स्वीकृत नभएको कार्यक्रमको विषयमा कसैले पनि कहिल्यै उपभोक्ता समिति/उपभोक्ता, स्थानीय तह वा अन्य सरोकारवालाहरुलाइ कुनै किसिमको प्रतिवद्धता तथा आश्वासन दिनु हुदैन । खासगरी उपभोक्ताहरुलाई वार्षिक कार्यक्रममा स्वीकृत नभएको अवस्थामा कुनै किसिमको आश्वासन दिनु हुदैन । आफुलाई स्पष्ट नभएको विषय अनुमानको भरमा कसैलाई पनि व्यक्त गर्ने/जवाफ दिने गर्नु हुदैन, बरु आफू भन्दा माथिल्लो तहमा सोधपुछ गरी आफु स्पष्ट भैसकेपछि मात्र उक्त प्रश्नको जवाफ दिनु पर्दछ ।
- समुदायबाट कहिल्यै पनि कुनै प्रकारको निःशुल्क खाना स्वीकार गर्नुहुदैन ।
- समुदायमा काम गर्दा अनौठो देखिने खालका तथा झिल्के लुगाहरु लगाउनु हुदैन ।

- आफ्नो कार्यक्षेत्रमा कहिल्यै पनि कुनै प्रकारको राजनैतिक बहसमा सहभागी हुनु हुदैन र कुनै पनि राजनैतिक दल वा समुहलाई समर्थन गर्नु हुदैन । कामको दौरान वा अन्य समयमा समेत कुनै पनि राजनैतिक दल विशेषको जुलुस/र्‍यालीमा भाग लिनु हुदैन र आफ्नो निर्णयले प्रभावित गर्न सक्ने गरी कुनै पक्षप्रति आफ्नो समर्थन देखिनु हुदैन । साथै सामाजिक सञ्जालमा प्रत्यक्ष वा अप्रत्यक्ष समर्थन हुने गरी राजनीतिक विचारहरू पोष्ट गर्नु हुदैन।
- कार्यालयका उपकरणहरु, छाप, स्टेशनरीहरु आदि कार्यालयको प्रयोजन भन्दा बाहेक प्रयोग गरिनु हुदैन ।
- फिनल्याण्ड सरकार, वैदेशिक मामीला मन्त्रालयबाट जारी भएको सवारी साधन सम्बन्धी नीति तथा नेपालमा कार्यरत दातृ निकायहरुको आधारभूत कार्यसंचालन मार्गनिर्देशन (BOG) सबै कर्मचारीले अनिवार्य रुपमा पालना गर्नुपर्दछ । जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाका प्राविधिक सहायता कर्मचारीहरूले COWATER को आचरण संहिता समेत पालना गर्नुपर्दछ।
- कुनै पनि प्रकारको भौतीक हुलदंगामा सहभागी हुने र कुनै पनि प्रकारको सामाजिक तथा लैङ्गिक विभेद गर्ने कार्यमा संलग्न हुन पुर्ण निषेध गरिएको छ ।
- नेपाल सरकारको प्रचलित कानून बमोजिम फौजदारी अभियोग मानिएको कुनै पनि क्रियाकलापमा संलग्न हुनु हुदैन ।

३) यौनजन्य आचरण

- जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको नीति अनुसार कुनै पनि प्रकारको यौन शोषण तथा दुराचार विरुद्ध शून्य सहनशीलता नीति अपनाएको छ । सम्बन्धित कर्मचारीले कुनै पनि प्रकारको यौनजन्य शोषण वा दुराचार गरेमा वा यस्तो गर्ने प्रयास गरेमा वा यस्तो कार्यमा सहयोगीको भुमिका खेलेमा तत्काल अनुशासनको कारवाही अगाडी बढाइनेछ ।
- यसमा नैतिक वा शारीरिक दुर्व्यवहार समावेश हुनेछ साथै यो आचारसंहिता सबै लिङ्गका कर्मचारीमा लागु हुनेछ।
- यस अन्तर्गत यौनजन्य आशयले कसैलाई छुने, अंकमाल गर्ने वा अंकमाल प्रयास गर्ने, यौन जन्य क्रियाकलापको लागि प्रलोभन देखाउने, जिस्क्याउने, सिटी बजाउने लगायतका क्रियाकलापहरु पर्दछन् ।
- उपरोक्त क्रियाकलापहरूमा कुनै पनि कर्मचारीहरु संलग्न रहने वा यस्तो कार्यमा कसैलाई सहयोग गर्ने वा प्रेरित गर्ने वा यस सम्बन्धी श्रव्यदृष्य सामाग्रीहरू अरुलाई देखाउने कार्यमा संलग्न रहने जस्ता कुराहरु पुर्णतया निषेध गरिएको छ ।

४) मदिरा तथा अन्य लागूपदार्थ सम्बन्धित आचरण

- आफ्नो कार्यालय समयमा कुनै पनि कर्मचारीले मदिरा सेवन गर्न पूर्णतया निषेध गरिएको छ ।
- कुनै पनि कर्मचारीले लागु पदार्थ सेवन गर्ने तथा लागु पदार्थ लगायत नेपाल कानूनले वर्जित गरेका वस्तुको ओसारपसार गर्न पूर्ण रुपमा प्रतिवन्धित गरिएको छ ।
- कर्मचारीहरुलाई समुदाय वा अन्य सरोकारवालाहरूको सामुन्नेमा मदिरा सेवन नगर्न सल्लाह दिइन्छ । सबै कर्मचारीले यो ध्यान दिन जरुरी छ कि समुदायस्तरमा अत्याधिक मदिरा सेवनबाट सम्बन्धित कर्मचारीको मात्र होईन परियोजनाको समेत प्रतिष्ठामा नकारात्मक असर पर्न जान्छ ।

अनुसूची ४: दरखास्त आह्वान गरिएको सूचना नमुना

..... गाउँपालिका/नगरपालिका

गाउँ/नगर कार्यपालिकाको कार्यालय

....., जिल्ला

(प्रथम पटक सूचना प्रकाशित मितिः ----/--/--)

सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजना अन्तर्गत स्थानीय तह/उपभोक्ता समितिहरूलाई प्राविधिक सहयोग गर्न तथा वन व्यवस्थापन, जीविकोपार्जन, सरसफाइ तथा स्वच्छता, खानेपानी, सिँचाइ र सामाजिक परिचालन सम्बन्धी कार्यमा सहजीकरण गर्ने कार्यका लागि -------- गाउँपालिका/नगरपालिका कार्यपालिकाको कार्यालय परियोजना कार्यान्वयन एकाइका लागि तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट निम्न पदहरूको लागि रीत पूर्वक दरखास्त फारम पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरूः

- संक्षिप्त वैयक्तिक विवरण (आवेदकको दस्तखत सहितको)
- शैक्षिक प्रमाणपत्र, तालिम प्रमाणपत्र तथा कार्यानुभव प्रमाणपत्रहरूको प्रतिलिपि

तपसिलः

क) आवश्यक पदहरू र न्यूनतम योग्यताः

क्र.स.	पद	तह/संख्या	कार्यस्थल	न्युनतम शैक्षीक योग्यता तथा कार्य अनुभव
१	जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजना अधिकृत	अधिकृत छैठौं तह / १ जना	गाउँ/नगर कार्यपालिकाको कार्यालय	मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह उतीर्ण गरि खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा, जीविकोपार्जन आदि क्षेत्रमा न्यूनतम पाँच वर्षको अनुभव प्राप्त।
२	फिल्ड संयोजक	सहायक पाँचौ तह / १ जना	गाउँ/नगर कार्यपालिकाको कार्यालय	मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि वा वन वा ग्रामीण विकास वा सामाजशास्त्र वा सो सरह विषयमा प्रविणता तह वा उच्च माध्यमिक/१०+२ तह उतीर्ण गरी खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि क्षेत्रमा योजना तर्जुमा तथा क्षमता विकास क्रियाकलापहरुमा कम्तीमा ५ वर्षको अनुभव प्राप्त।

क्र.स.	पद	तह/संख्या	कार्यस्थल	न्युनतम शैक्षीक योग्यता तथा कार्य अनुभव
३	सब-ईन्जिनियर	सहायक पाँचौ तह / १ जना	गाउँ/नगर कार्यपालिकाको कार्यालय	मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा प्रविणता डिप्लोमा उतीर्ण गरि खानेपानी सरसफाइ स्वच्छता, सिँचाइ, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा तथा जीविकोपार्जन सम्बन्धी योजना सर्वेक्षण, डिजाइन तथा निर्माण सुपरिवेक्षणमा न्यूनतम तीन वर्षको अनुभव प्राप्त।
४	प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ता	सहायक पाँचौ तह / १ जना	गाउँ/नगर कार्यपालिकाको कार्यालय	मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि वा वन विषयमा प्रविणता डिप्लोमा उतीर्ण गरि कृषि वा वन तथा कृषि-वन सम्बन्धी गतिविधिहरूको योजना तर्जुमा तथा कार्यान्वयनमा न्यूनतम तीन वर्षको अनुभव प्राप्त
५	असिस्टेन्ट सब-इन्जिनियर/जलस्रोत प्राविधिक	सहायक चौथो तह / २ देखि ३ जना[1]	वडा कार्यालय वा योजना क्षेत्र	सिभिल इन्जिनियरिङ विषयमा प्राविधिक एस. इ. इ./एस. एल. सी. वा मान्यता प्राप्त संस्था/परियोजनाबाट कम्तीमा ३० दिने खापासटे तालिम प्राप्त। खानेपानी सरसफाइ स्वच्छता, सिँचाइ, बहुउपयोगी योजना, कृषि, बायो-इन्जिनियरिङ्ग वा अन्य सम्बन्धित पूर्वाधार निर्माणको कार्यान्वयनमा कम्तीमा २ वर्षको अनुभव।
६	सामाजिक परिचालक	सहायक चौथो तह / २ देखि ३ जना[2]	वडा कार्यालय वा योजना क्षेत्र	एस. इ. इ./एस. एल. सी. वा सो सरह । खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि, जीविकोपार्जन क्षेत्रमा क्षमता विकास, सामाजिक परिचालन,योजना तर्जुमा आदिमा कम्तीमा २ वर्षको अनुभव।

ख) अन्य विवरणः

- यो सूचना पहिलो पटक प्रकाशित भएको मितिदेखि १५ (पन्ध्र) दिनभित्र आवेदन ---------- गाउँ/नगरपालिका कार्यालय, ---------- मा कार्यालय समयभित्र बुझाउनुपर्नेछ । दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ।
- विदेशी विश्वविद्यालय, विद्यालय वा संस्थानबाट जारी गरिएको शैक्षिक प्रमाणपत्र भएका आवेदकहरूले नेपालको आधिकारिक संस्थाबाट समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ। आवश्यक समकक्षता प्रमाणपत्र बिनाका आवेदनहरू स्वीकार गरिने छैन।

[1] उक्त पदका लागि आवश्यक संख्या आ.व.मा स्थानीय तहमा संचालन हुने खानेपानी, सिँचाइ तथा पूर्वाधारजन्य योजनाको संख्यामा आधारित हुने छ।

[2] उक्त पदका लागि आवश्यक संख्या आ.व.मा स्थानीय तहमा संचालन हुने योजना तथा कार्यक्रम संचालन हुने वस्तीहरुमा आधारित हुनेछ।

- कर्मचारीहरू परियोजना कार्य अवधीको एक वर्षे कार्यसम्पादनमा आधारित सेवा करारमा (कार्यसम्पादनको आधारमा नवीकरणको सम्भावना सहित) नियुक्त गरिनेछ ।
- स्थानीय व्यक्तिहरू, महिला, दलित तथा पछाडी परेका जातीय समुदायका व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ ।
- विज्ञापन प्रकृयामा प्राप्त भएका आवेदनहरूलाई गाउँपालिका/नगरपालिका कार्यालयले कुनै कारण खुलाई वा नखुलाई पूर्णरूपमा वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्न सक्नेछ ।
- छोटो सूचीमा परेका उम्मेदवारहरूको लागि मात्र लिखित परीक्षा तथा अन्तर्वार्ता संचालन गरिनेछ । यस सम्बन्धि तालिका गाउँपालिका/नगरपालिकाको सूचना पाटीमा प्रकाशित गरिनेछ ।
- बिज्ञापनका प्रत्येक पदको सेवा सर्तहरु (ToR) र वैयक्तिक विवरण (CV) ढाँचा हेर्न गाउँ/नगरपालिकाको वेभ पेज ---------- मा प्राप्त गर्न सकिनेछ । तोकिएको ढाँचाबाहेक अन्य ढाँचामा पेश गरिएको वैयक्तिक विवरण (CV) स्वीकार गरिने छैन ।

अनुसूची ५: दरखास्तको ढाँचा

वैयक्तिक विवरण

फोटो
(अनिवार्य)

विज्ञापन नं. ----------

१. प्रस्तावित पद: ----------

२. आवेदकको पुरा नाम: ----------

३. लिङ्ग: ----------

४. नागरिकता नं. : ---------- जारी गर्ने जिल्ला: ----------

५. जातियता: दलित/जनजाति/ अन्य: ----------

६. जन्म मिति: ----------

७. सम्पर्क ठेगाना: गाउँ/नगरपालिका ----------, वडा नं.-----, जिल्ला: ----------

मोबाईल नं. : ---------- ईमेल ठेगाना : ----------

स्थायी ठेगाना: गाउँ/नगरपालिका ----------, वडा नं.-----, जिल्ला: ----------

(कृपया नागरिकतामा उल्लेखित ठेगाना रहेको जिल्ला भन्दा स्थायी ठेगाना फरक भएमा बसाईसराईको प्रमाणपत्र पेश गर्नुहोला।)

८. शिक्षा: तलको तालिकामा औपचारिक शिक्षाको विवरण उल्लेख गर्नुहोला। प्रमाणपत्रहरूको प्रतिलिपि वैयक्तिक विवरणसंग अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।

अध्ययन गरेको शैक्षीक संस्थाको नाम	अध्ययन अवधी		उतीर्ण तह
	देखी	सम्म	

९. तालिम: तलको तालिकामा **प्राप्त तालिम**हरूको विवरण उल्लेख गर्नुहोला। तालिम प्रमाणपत्रहरूको प्रतिलिपि वैयक्तिक विवरणसंग अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।

तालिम प्रदान गर्ने संस्थाको नाम	अवधी/मिति	तालिमका बिषयबस्तु

१०. तालिम: तलको तालिकामा **सहजीकरण गरेको तालिम**हरूको विवरण उल्लेख गर्नुहोला। तालिम प्रदान गरेको प्रमाणहरूको प्रतिलिपि वैयक्तिक विवरणसंग अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।

तालिम गर्ने संस्थाको नाम	अवधी/मिति	तालिमका बिषयबस्तु

११. स्थानीय तहमा काम गरेको अनुभवः कृपया स्थानीय तहसंग काम गरेको अनुभव उल्लेख गर्नुहोला ।

गाउँ/नगरपालिकाको नाम र वडा नं.	जिल्ला	काम गरेको बर्ष

१२. भाषा सीपः कृपया तपाईको भाषा दक्षता उल्लेख गर्नुहोस् (राम्रो/औसत/कमजोर)

भाषा	बोल्ने	पढ्ने	लेख्ने
नेपाली			
अंग्रेजी			
अन्य भए उल्लेख गर्नुहोस्			
अन्य भए उल्लेख गर्नुहोस्			

१३. कार्य अनुभवः हालैको अनुभवबाट शुरु गर्दै, कृपया तल उल्लेखित ढाँचामा आफ्नो कार्य अनुभव उल्लेख गर्नुहोस्।

मिति		रोजगारगाता	पद	कार्य स्थल	छोटकरिमा कार्य विवरण
देखि	सम्म				
कृपया प्रत्येक कार्य अनुभव पत्रको प्रतिलिपि पेश गर्न अनिवार्य गरिएको छ ।					

कृपया तपाईका मुख्य-मुख्य अनुभव र योग्यताहरु उल्लेख गर्नुहोस् साथै तपाई यो पदका लागि उपयुक्त रहेको व्यहोरा प्रमाणीत हुने गरि लेख्नुहोला। (बढीमा १ पाना मात्र)

प्रमाणीकरणः

म, तल हस्ताक्षर गर्ने व्यक्ति, मेरो ज्ञान र विश्वास अनुसार, मैले पेश गरेको वैयक्तिक विवरण (CV) ले मेरो बारेमा, मेरा योग्यता र मेरो अनुभवलाई सही रूपमा वर्णन गर्दछ भनी प्रमाणित गर्दछु। मलाई थाहा छ कि यहाँ उल्लिखित कुनै पनि जानाजानी गलत विवरणले मलाई अयोग्य ठहर गराउन वा नियुक्त भएमा बर्खास्त गराउन सक्छ।

-- /-- / ---- (मितिः दिन/महिना/बर्ष)

[आवेदकको हस्ताक्षर]

पुनश्च,

तपसिल उल्लेखित कागजातहरु अनिवार्य रुपमा आवेदन साथ पेश गर्नुपर्नेछ।

- नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- शैक्षीक प्रमाणपत्रको प्रतिलिपी (वैदेशिकको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि सहित)
- तालिम प्रमाणपत्रको प्रतिलिपी (३ दिन भन्दा बढी अवधीको बढीमा तिन वटा तालिमको)
- कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपी
- अपाङ्गता भएमा परिचयपत्रको प्रतिलिपि
- विभिन्न जातिको साझा थरको हकमा जातीयता प्रमाणपत्रको प्रतिलिपि

अनुसूची ६: वैयक्तिक विवरण मूल्याङ्कनका आधारहरू

स्थानीय तह परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूका लागि पेश हुन आएका आवेदनहरुको वैयक्तिक विवरण (CV) मूल्याङ्कन तपसिलका आधारमा गरिने छ।

योग्यता प्रमाणीकरणः

- के आवेदक नेपाली नागरिक हो ? ☐हो ☐होईन (पेश गरिएका कागजातका आधारमा)
- के आवेदन पेश गरेको पदका लागि न्युनतम शैक्षीक योग्यता छ? ☐छ☐छैन (पेश गरिएका कागजातका आधारमा)
- के न्यूनतम शैक्षीक योग्यता वैदेशिक शैक्षिक संस्थाबाट प्राप्त हो? ☐हो ☐होईन (पेश गरिएका समदक्षता प्रमाणपत्रका आधारमा)
- के आवेदन पेश गरेको पदका लागि तोकिएको न्युनतम कार्य अनुभव छ? ☐छ☐छैन (पेश गरिएका कागजातका आधारमा)
- के आवेदक कमजोर कार्यसम्पादनका आधारमा अयोग्य ठहर गरिएको हो? ☐हो ☐होईन (पहिला गरिएका निर्णयमा आधारित)

योग्यता प्रमाणीकरणमा उल्लेखित कुनै पनि क्षेत्रमा आवेदक योग्य नभएमा, उक्त आवेदन अयोग्य ठहरिनेछ र आगामी प्रक्रियामा समावेश गरिने छैन। सबै योग्यता ठिक ☐छ ☐छैन

छोटो सुची मूल्याङ्कन ढाँचा (योग्यता प्रमाणीकरणमा सफल आवेदकहरुका लागि)

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (लक) अधिकृत			
न्युनतम शैक्षीक योग्यता (१०)			
	न्युनतम शैक्षीक योग्यता न्युनतम भन्दा एक तह माथी	७ ३	
कार्य अनुभव (६०)			
१	आवश्यक न्युनतम कार्य अनुभव	१०	
२	अतिरिक्त सम्वन्धित कार्य अनुभव	५	@ १ प्रति अतिरिक्त बर्ष
३	प्राकृतिक स्रोत व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन, कृषि, वन सम्बन्धी अनुभव	५	@ १ प्रति बर्ष
४	खानेपानी सरसफाइ तथा स्वच्छता/सिँचाइ सम्वन्धि अनुभव	५	@ १ प्रति बर्ष
५	जीविकोपार्जन प्रवर्द्धन क्रियाकलाप सम्वन्धि अनुभव	५	@ १ प्रति बर्ष

६	अन्य ग्रामिण विकासका क्षेत्रको अनुभव (माथी उल्लेखित भन्दा फरक भएमा)	५	@ १ प्रति अतिरिक्त बर्ष
७	समुदाय स्तरमा खानेपानी तथा सरसफाइ, जलवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन, कृषि, वनका क्षेत्रमा तालिमहरू सहजिकरण गरेको अनुभव	९	@ ३ प्रति तालिम तिन दिन अवधी भन्दा बढीको मात्र
८	सामाजिक परिचालन, सहभागितामुलक ग्रामीण लेखाजोखा, सरसफाइ तथा स्वच्छता, व्यवहार परिवर्तन उत्प्रेरण, जलवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन, कृषि, वन सम्वन्धित तालिम प्राप्त गरेको	९	@ ३ प्रति तालिम तिन दिन अवधी भन्दा बढीको मात्र
९	स्थानीय तहमा समान प्रकृति वा सम्बन्धित क्षेत्रका परियोजनाहरूमा काम गरेको अनुभव	७	RWSSP वा RVWRMP वा SuSWA वा अन्य आदि
लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (३०)			
१	महिला उम्मेदवार	५	
२	दलित उम्मेदवार	८	
३	आदिवासी/जनजाती उम्मेदवार	५	
४	सम्वन्धित पालिकाको स्थायी वासिन्दा	७	
५	सम्वन्धित प्रदेशको स्थायी वासिन्दा	५	
६	अपाङ्गता भएको व्यक्ति	५	

फिल्ड संयोजक			
	न्युनतम शैक्षीक योग्यता (१०) न्युनतम शैक्षीक योग्यता न्युनतम भन्दा एक तह माथी	 ७ ३	
कार्य अनुभव (६०)			
१	आवश्यक न्युनतम कार्य अनुभव	१०	
२	अतिरिक्त सम्वन्धित कार्य अनुभव	५	@ १ प्रति अतिरिक्त बर्ष
३	प्राकृतिक स्रोत व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन, कृषि, वन सम्बन्धी अनुभव	५	@ १ प्रति बर्ष
४	खानेपानी सरसफाइ तथा स्वच्छता/सिँचाइ सम्वन्धित अनुभव	५	@ १ प्रति बर्ष
५	जीविकोपार्जन प्रवर्द्धन क्रियाकलाप सम्वन्धि अनुभव	५	@ १ प्रति बर्ष
६	अन्य ग्रामिण विकासका क्षेत्रको अनुभव (माथी उल्लेखित भन्दा फरक भएमा)	५	@ १ प्रति अतिरिक्त बर्ष

७	समुदाय स्तरमा खानेपानी तथा सरसफाइ, जलवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन, कृषि, वनका क्षेत्रमा तालिमहरू सहजिकरण गरेको अनुभव	९	@ ३ प्रति तालिम तिन दिन अवधी भन्दा बढीको मात्र
८	सामाजिक परिचालन, सहभागितामुलक ग्रामीण लेखाजोखा, सरसफाइ तथा स्वच्छता, व्यवहार परिवर्तन उत्प्रेरण, जलवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन, कृषि, वन सम्वन्धि तालिम प्राप्त गरेको	९	@ ३ प्रति तालिम तिन दिन अवधी भन्दा बढीको मात्र
९	स्थानीय तहमा समान प्रकृति वा सम्बन्धित क्षेत्रका परियोजनाहरूमा काम गरेको अनुभव	७	RWSSP वा RVWRMP वा SuSWA वा अन्य आदि
	लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (३०)		
१	महिला उम्मेदवार	५	
२	दलित उम्मेदवार	८	
३	आदिवासी/जनजाती उम्मेदवार	५	
४	सम्वन्धित पालिकाको स्थायी वासिन्दा	७	
५	सम्वन्धित प्रदेशको स्थायी वासिन्दा	५	
६	अपाङ्गता भएको व्यक्ति	५	

सब-इन्जिनियर			
	न्युनतम शैक्षीक योग्यता (१०) न्युनतम शैक्षीक योग्यता न्युनतम भन्दा एक तह माथी	 ७ ३	
	कार्य अनुभव (६०)		
१	आवश्यक न्युनतम कार्य अनुभव	१०	
२	अतिरिक्त सम्वन्धित कार्य अनुभव	५	@ १ प्रति अतिरिक्त बर्ष
३	खानेपानी योजनाहरुको सर्वे, डिजाइन तथा कार्यान्वयन अनुभव	१०	@ २ प्रति बर्ष
४	सिँचाइ, भवन तथा अन्य पूर्वाधार योजनाहरुको सर्वे, डिजाइन तथा कार्यान्वयन अनुभव	१०	@ २ प्रति बर्ष
५	बायोईन्जिनियरिङ्ग तथा संरक्षणसंग सम्वन्धित क्रियाकलापहरुको कार्यान्वयन अनुभव	५	@ १ प्रति बर्ष
६	प्राविधिक तालिमहरु सहजिकरण अनुभव	४	@ २ प्रति तालिम तिन दिन अवधी भन्दा बढीको मात्र
७	प्राविधिक तालिमहरु जस्तै सर्वे, डिजाइन, गुणस्तर नियन्त्रण, पानी सुरक्षा योजना आदि प्राप्त गरेको	९	@ ३ प्रति तालिम तिन दिन अवधी भन्दा बढीको मात्र
९	स्थानीय तहमा समान प्रकृति वा सम्बन्धित क्षेत्रका परियोजनाहरूमा काम गरेको अनुभव	७	RWSSP वा RVWRMP वा SuSWA वा अन्य आदि

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (३०)			
१	महिला उम्मेदवार	५	
२	दलित उम्मेदवार	८	
३	आदिवासी/जनजाती उम्मेदवार	५	
४	सम्वन्धित पालिकाको स्थायी वासिन्दा	७	
५	सम्वन्धित प्रदेशको स्थायी वासिन्दा	५	
६	अपाङ्गता भएको व्यक्ति	५	

प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ता			
	न्युनतम शैक्षीक योग्यता (१०) न्युनतम शैक्षीक योग्यता न्युनतम भन्दा एक तह माथी	 ७ ३	
कार्य अनुभव (६०)			
१	आवश्यक न्युनतम कार्य अनुभव	१०	
२	अतिरिक्त सम्वन्धित कार्य अनुभव	५	@ १ प्रति अतिरिक्त कार्य अनुभव
३	व्यवसायिक कृषी तथा कृषी-बन उत्पादन सम्वन्धि अनुभव	१०	@ २ प्रति बर्ष
४	मुल्य श्रृखला तथा सहकारी सम्वन्धि अनुभव	१०	@ २ प्रति बर्ष
५	लघु उद्यम प्रवर्द्धन सम्वन्धि अनुभव	५	@ १ प्रति बर्ष
६	कृषी वा बन वा अन्य जीविकोपार्जन सम्वन्धि समुदाय स्तरमा तालिम सहजिकरण गरेको अनुभव	४	@ २ प्रति तालिम तिन दिन अवधी भन्दा बढीको मात्र
७	कृषी, जीविकोपार्जन वा कृषी/कृषी-बन प्रवर्द्धन सम्वन्धि तालिम प्राप्त गरेको	९	@ ३ प्रति तालिम (तिन दिन भन्दा माथीको)
९	स्थानीय तहमा समान प्रकृति वा सम्बन्धित क्षेत्रका परियोजनाहरूमा काम गरेको अनुभव	७	RWSSP वा RVWRMP वा SuSWA वा अन्य आदि
लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (३०)			
१	महिला उम्मेदवार	५	
२	दलित उम्मेदवार	८	
३	आदिवासी/जनजाती उम्मेदवार	५	
४	सम्वन्धित पालिकाको स्थायी वासिन्दा	७	
५	सम्वन्धित प्रदेशको स्थायी वासिन्दा	५	
६	अपाङ्गता भएको व्यक्ति	५	

असिस्टेन्ट सब–इन्जिनियर/जलस्रोत प्राविधिक			
न्युनतम शैक्षीक योग्यता (१०) न्युनतम शैक्षीक योग्यता न्युनतम भन्दा एक तह माथी		७ ३	
कार्य अनुभव (६०)			
१	आवश्यक न्युनतम कार्य अनुभव	१०	
२	अतिरिक्त सम्वन्धित कार्य अनुभव	५	@ १ प्रति अतिरिक्त कार्य अनुभव
३	खानेपानी योजना निर्माण सम्वन्धित अनुभव	१०	@ २ प्रति बर्ष
४	सिँचाइ योजना निर्माण सम्वन्धित अनुभव	१०	@ २ प्रति बर्ष
५	जीविकोपार्जन पूर्वाधार तथा संरक्षण पुर्वाधार निर्माणको अनुभव	५	@ १ प्रति बर्ष
६	प्राविधिक तालिमहरु जस्तै ग्रामीण मर्मत सम्भार कार्यकर्ता, खानेपानी सरसफाइ प्राविधिक तालिम, बर्षातको पानी संकलन आदि सम्वन्धित तालिम सहजिकरण गरेको अनुभव	४	@ २ प्रति तालिम (३ दिन भन्दा बढीको)
७	खानेपानी सरसफाइ सम्बन्धी प्राविधिक तालिमहरु : जलवायु उत्थानशिल पानी सुरक्षा योजना, निर्माण तथा गुणस्तर नियन्त्रण सम्वन्धित तालिम प्राप्त	९	@ ३ प्रति तालिम (३ दिन भन्दा बढीको)
९	स्थानीय तहमा समान प्रकृति वा सम्बन्धित क्षेत्रका परियोजनाहरूमा काम गरेको अनुभव	७	RWSSP वा RVWRMP वा SuSWA वा अन्य आदि
लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (३०)			
१	महिला उम्मेदवार	५	
२	दलित उम्मेदवार	८	
३	आदिवासी/जनजाती उम्मेदवार	५	
४	सम्वन्धित पालिकाको स्थायी वासिन्दा	७	
५	सम्वन्धित प्रदेशको स्थायी वासिन्दा	५	
६	अपाङ्गता भएको व्यक्ति	५	

सामाजिक परिचालक			
न्युनतम शैक्षीक योग्यता (१०)			
१	न्युनतम शैक्षीक योग्यता	७	
२	न्युनतम भन्दा एक तह माथी	३	
कार्य अनुभव (६०)			
१	आवश्यक न्युनतम कार्य अनुभव	१०	
२	अतिरिक्त सम्वन्धित कार्य अनुभव	५	@ १ प्रति अतिरिक्त बर्ष
३	समुह गठन तथा परिचालन सम्वन्धित अनुभव प्राप्त	१०	@ २ प्रति बर्ष
४	बस्ती स्तरमा स्थानीय तहको योजना तर्जुमा प्रकृयालाई सहजिकरण गरेको अनुभव	१०	@ २ प्रति बर्ष
५	सहकारि व्यवस्थापन तथा लघु कर्जा व्यवस्थापन सम्वन्धि अनुभव	५	@ १ प्रति बर्ष
६	समुदाय स्तरमा परियोजना सम्बन्धित क्षेत्रका विभिन्न तालिमहरु सहजिकरण गरेको अनुभव	६	@ २ प्रति तालिम तिन दिन अवधी भन्दा बढीको मात्र
७	सामाजिक परिचालन, स्थानीय तह योजना तर्जुमा प्रकृया, सहभागितामुलक ग्रामीण लेखाजोखा, सरसफाइ तथा स्वच्छता, पूर्ण सरसफाइ, व्यवहार परिवर्तन उत्प्रेरण सम्वन्धित तालिम प्राप्त	९	@ ३ प्रति तालिम तिन दिन अवधी भन्दा बढीको मात्र
९	स्थानीय तहमा समान प्रकृति वा सम्बन्धित क्षेत्रका परियोजनाहरूमा काम गरेको अनुभव	५	RWSSP वा RVWRMP वा SuSWA वा अन्य आदि
लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (३०)			
१	महिला उम्मेदवार	५	
२	दलित उम्मेदवार	८	
३	आदिवासी/जनजाती उम्मेदवार	५	
४	सम्वन्धित पालिकाको स्थायी वासिन्दा	७	
५	सम्वन्धित प्रदेशको स्थायी वासिन्दा	५	
६	अपाङ्गता भएको व्यक्ति	५	

अनुसूची ७: मूल्याङ्कन तालिका ढाँचाहरू

लिखित परिक्षा मूल्याङ्कन तालिका

पदः								
क्र.सं.	उम्मेदवारको नाम	उत्तर पुस्तिका कोड	बस्तुगत प्रश्नहरु/Excel Test (२०) *	बिषयगत प्रश्नहरु (३०)				जम्मा अंक (५०)
				प्रश्न १ (१०)	प्रश्न २ (१०)	प्रश्न ३ (५)	प्रश्न ४ (५)	
१								
२								
३								

* जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना अधिकृत र सब-ईन्जिनियरका हकमा Excel test र बस्तुगत प्रश्नहरु रहनेछन्।

अन्तरवार्ता प्राप्ताङ्क तालिका

पदः							
क्र. सं.	उम्मेदवारको नाम	बिषयबस्तुको ज्ञान (२५) *			प्रस्तुती सैली (५)	प्रतिबद्धता (५)	जम्मा अंक (३५)
		क(१०)	ख(१०)	ग(५)			
१							
२							
३							
अन्तरवार्ता लिनेको नाम र दस्तखतः					मितिः		

* परियोजना नतिजा क्षेत्र अनुसारका बिभिन्न तिन क्षेत्रको बिषयबस्तुको ज्ञान सम्वन्धित प्रश्न ।

संयुक्त प्राप्ताङ्क तालिका

पदः						
क्र.सं.	उम्मेदवारको नाम	वैयक्तिक विवरण (CV) मूल्याङ्कन (१५)	लिखित परिक्षा (५०)	औसत अन्तरवार्ता अंक (३५)	जम्मा अंक (१००)	कैफियत
१						सफल उम्मेदवार
२						बैकल्पीक उम्मेदवार
मूल्याङ्कन समिति सदस्यहरुको नाम र दस्तखतः						मितिः

अनुसूची ८: स्थानीय तह परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरू नियुक्ति पत्रको ढाँचा

---------- गाउँ/नगरपालिका

गाउँ/नगरकार्यपालिकाको कार्यालय

----------, जिल्ला

कार्यसम्पादनमा आधारित सेवा करार सम्झौता

यो कार्यसम्पादनमा आधारित सेवा करार सम्झौता (यसपछि "सम्झौता" भनिने) मिति २०--/--/-- मा ---------- गाउँ/नगरपालिका (यसपछि स्थानीय सरकार भनिने) र श्री -------- --------- ---------- (यसपछि "परियोजना कार्यान्वयन एकाइ कर्मचारी" भनिने) का वीच यस सम्झौताका प्रावधानहरु पालना गर्न गराउन दुवै पक्ष सहमत भै हस्ताक्षर गरिएको छ ।

परियोजना कार्यान्वयन एकाइ कर्मचारी विवरणः

परियोजना कार्यान्वयन एकाइ कर्मचारी**को नामः**

पदः

कार्य स्थलः

कार्यक्षेत्र/गाउँ/नगरपालिकाः

सम्पर्क फोन नं.

ईमेल ठेगानाः

कार्य विवरणः

यस सम्झौतासंगै परियोजना कार्यान्वयन एकाइ कर्मचारीको कार्य विवरण संलग्न गरिएको छ । सोही अनुसार प्रभावकारी कार्य सम्पादन गनुपर्ने छ, कार्यसम्पादनको मूल्याङ्कन सेवा अवधि समाप्त हुनु अगावै गरिनेछ। यदी कार्य बिवरण अनुसार कार्यसम्पादन गर्न नसकेमा नियमित कार्यसम्पादन मूल्याङ्कनको आधारमा सम्झौताको अवधि थप्ने वा खारेजी गरिनेछ ।

सम्झौताको अवधिः

यस सम्झौताको अवधि मिति ---------- देखि मिति ---------- एक वर्षका लागि कायम रहनेछ । परियोजना व्यवस्थापन समितिले परियोजना कार्यान्वयन एकाइ कर्मचारीको वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा करारको म्याद थप वा खारेजी सम्वन्धि निर्णय गर्न सक्नेछ।

पारिश्रमीकः

परियोजना कार्यान्वयन एकाइ कर्मचारीको कुल मासिक पारिश्रमीक तथा सेवा सुविधा तपसिल बमोजिम उपलव्ध गराइनेछ ।

आधारभूत पारिश्रमीकः रु. ---------- सञ्चय कोष रु. ---------- उपदान कोष रु ----------

अक्षरेपी रु ---------- ---- ------(प्रति महिना स्थानीय सरकारको नियमानुसार)

फिल्ड/दुर्गम भत्ताः रु. ---------- अक्षरेपी रु ---------- ---- ---------- (प्रति महिना)

जम्माः रु. ---------- अक्षरेपी रु ---------- ---- ---------- (प्रति महिना)

परियोजना कार्यान्वयन एकाइ कर्मचारीको पारिश्रमीक तथा अन्य सेवा सुविधा मासिक टाईम सिट, मासिक कार्य सम्पादन प्रतिवेदन तथा भ्रमण प्रतिवेदनहरू पेश गरि स्वीकृत पश्चात भुक्तानी गरिनेछ। यदी उक्त प्रतिवेदनहरु पेश नगरेमा सेवा सुबिधाहरु रोक्का गर्ने अधिकार कार्यालयलाई रहनेछ

कार्य दिन /घण्टा

कार्य दिन/घण्टा स्थानीय सरकारको नियम अनुसार हुनेछ र फिल्डको हकमा परिस्थिति अनुसार सार्बजनिक बिदा दिन तथा कार्यालय समयभन्दा अघिपछि पनि काम गर्नुपर्नेछ । सार्बजनिक बिदा दिन तथा कार्यालय समयभन्दा अघिपछि काम गरे बाफत कुनै प्रकारको अतिरिक्त भुक्तानी गरिने छैन, त्यसैले परियोजना कार्यान्वयन एकाइ कर्मचारीले कार्ययोजना (मासिक/वार्षिक) बनाउदा सोही अनुसार तयार गर्नु पर्दछ।

बिदाः

परियोजना कार्यान्वयन एकाइ कर्मचारीले तपसिल अनुसार बिदा सुविधा पाउने छन्।

वार्षिक बिदा, बिरामी बिदा तथा अन्य बिदाहरुः स्थानीय तह परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूलाई गाउँ/नगरपालिकाको नियानुसार बिदा दिईनेछ। कर्मचारीले विदामा वस्नको लागि अग्रीम रुपमा विदामा वस्न चाहेको दिन उल्लेख गरी आवेदन पेश गरी सुपरिवेक्षकबाट स्वीकृत गराउनुपर्नेछ र यस्तो विदा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यपरिस्थितिको बिश्लेषण गरी सुपरिवेक्षकमा रहनेछ । बिदा सम्वन्धि जानकारी परियोजनाका प्राविधिक सहायता सल्लाहारलाई अनिवार्य जानकारी गराउनु पर्नेछ।

भ्रमण खर्चः स्थानीय तह परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूले कार्यस्थल तोकिएको गाउँ/नगरपालिका भित्र काम गर्दा कुनै पनि प्रकारको भ्रमण भत्ता पाउने छैनन्। कर्मचारीले तोकिएको गाउँ/नगरपालिका भन्दा बाहिरको गाउँ/नगरपालिकामा परियोजना काममा खटाउदा वा कार्यस्थल बाहिर तालिम/गोष्ठी/कार्यशाला/ बैठकमा सहभागी हुदा परियोजनाका प्राविधिक सहायता सल्लाहकारको सिफारिसमा दैनिक भ्रमण आदेश स्वीकृत गराई गाउँ/नगरपालिकाको नियमानुसार भ्रमण खर्च भुक्तानी गरिने छ।

सञ्चार खर्चः स्थानीय तह परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूलाई प्रति महिना रु ५०० (पाँच सय मात्र) सञ्चार खर्च बाफत मासिक पारिश्रमीकसंगै भुक्तानी गरिने छ।

अत्यावश्यक फिल्ड किट खर्चः स्थानीय तह परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूलाई प्रति वर्ष अधिकतम रु ४,००० (चार हजार मात्र) अत्यावश्यक फिल्ड किट खरिद खर्च बाफत पेश भएको बिलका आधारमा भुक्तानी गरिने छ।

दुर्घटना बिमाः स्थानीय तह परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूको रु १,००,००० (एक लाख मात्र) बराबरको वार्षिक दुर्घटना बिमा गरिने छ। गाउँ/नगरपालिकाहरुले उक्त बिमा कार्य सुनिश्चित गर्नेछन् ।

करः स्थानीय तह परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूको भुक्तानीमा नेपाल सरकारको नियमानुसार गाउँ/नगरपालिकाहरुले कर कट्टा गर्नेछन् ।

रोजगारीका अन्य शर्त तथा अवस्थाहरूः स्थानीय तह परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूले परियोजनाको अग्रीम स्वीकृती विना सार्वजनिक अभिव्यक्ति दिन पाउने छैनन् । कुनै पनि कर्मचारीले आंशिक वा पूर्ण समय अन्य कुनै पनि कार्यालय/संस्थामा रोजगारी ग्रहण गर्न पाउने छैनन् । यस सम्झौतामा उल्लेख भएको बाहेक अन्य कुनै पनि प्रकारको सुविधा वा पारिश्रमीक कर्मचारीले पाउने छैनन् ।

आचरणः

कार्य अवधिमा तथा कार्य अवधि बाहिर समेत परियोजनाको ख्यातीको संरक्षण गर्नु कर्मचारीको दायित्व हुनेछ । कर्मचारीले संस्थाका अन्य कर्मचारीहरुलाई नकारात्मक रुपमा असर नपर्ने खालको आचरण अनुसरण गर्ने अपेक्षा गरिएको छ । कर्मचारीले कार्यालय सम्बन्धी तथा व्यक्तिगत व्यवहारमा समेत संस्था, परियोजनाको हित हुने गरी उच्च इमान्दारिता, एकात्मकता र नैतीक आचरण पालन गर्नुपर्नेछ ।

व्यक्तिगत हितका लागि, प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कर्मचारीले परियोजनामा सार्बजनिक नगरेका आधिकारिक जानकारीहरु उपयोग गर्ने वा गर्न दिने छैनन् । कर्मचारीले सार्बजनिक सञ्चार/संज्ञाल माध्यम मार्फत संस्था तथा परियोजना सम्बन्धी कुनै पनि व्यक्तिगत धारणाहरु सार्बजनिक गर्ने छैनन् । सबै कार्यालयका उपकरण, स्टेशनरी आदि आधिकारिक कार्यालय प्रयोजनका लागि मात्र प्रयोग गरिनेछन् ।

परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूले यस सम्झौतासंग संलग्न जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना आचारसंहिताको पूर्ण रूपमा पालना गर्नुपर्नेछ। जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको आचारसंहिता यस करारको अनुसुचीमा संलग्न गरिएको छ।

सम्झौता खारेजीः

यो करार सम्झौता पक्ष मध्ये कुनै पनि एक पक्षले कुनै कारण बिना वा लिखित सूचना दिएर सम्झौता समाप्तिको मिति भन्दा ३० (तिस) दिन अगाडी समाप्त गर्न सक्नेछ। सम्झौता मिति सम्पन्न हुनु पूर्व हुने सम्झौता खारेजीको अवस्थामा गाउँ/नगरपालिकाले सम्झौता समाप्ति मिति पूर्वको वास्तविक दिनको कर्मचारिलाई पारिश्रमिक भुक्तानी गर्नेछ।

देहायको अवस्थामा गाउँ/नगरपालिका कार्यालयले (परियोजना व्यवस्थापन समितिको सिफारिसमा) कुनै पनि समयमा यो करार सम्झौता समाप्त गर्न सक्नेछ ।

- यो करार सम्झौतामा उल्लेख गरिएको कुनै पनि शर्त वा वचनबद्धतामा गम्भिर त्रुटिहरू भएको ठहर भएमा।
- नेपाल सरकारद्वारा निषेधित कुनै आपराधिक कार्यमा संलग्न ठहरिएमा।
- जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाले जारि गरेको आचारसंहिताको उल्लङ्घन गरेमा।
- उपभोक्ता समितिहरू वा अन्य पक्षहरूसंग लेनदेन/ वित्तीय अनियमितता मा संलग्न पाइएमा।
- कुनै राजनीतिक दलको समर्थनमा प्रत्यक्ष रूपमा राजनीतिक क्रियाकलापमा संलग्न पाइएमा।

- वार्षिक कार्यसम्पादन मूल्याङ्कनमा अस्वीकार्य स्तरभन्दा कम अंक प्राप्त गरेमा वा कार्यसम्पादनमा असफल भएमा।

मतभेद निवारण

यस सम्झौता कार्यान्वयनका समय कुनै प्रकारको मतभेद उत्पन्न भइ आपसी समझदारीमा समाधान हुन नसकेमा प्रचलित नेपाल कानुन अनुसार हुनेछ।

हस्ताक्षरः

यो सम्झौता मिति ---------- मा हस्ताक्षर गरी दुवै पक्षलाई एक एक प्रति प्राप्त हुने गरी दुई प्रति तयार गरिएको छ।

कर्मचारीको तर्फबाट **गाउँ/नगरपालिका कार्यालयको तर्फबाट**

कर्मचारीको नामः---------- नामः ----------

पदः ---------- पदः प्रमुख प्रशासकीय अधिकृत

मितिः मितिः

साक्षीः

नामः ----------

पदः प्राविधिक सहायता सल्लाहकार, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना

अनुसूचीहरू

- कर्मचारीको वैयक्तिक विवरण
- कर्मचारीको सेवा शर्तहरु
- जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको आचारसंहिता
- कर्मचारीको वार्षिक कार्ययोजना